साप्ताहिक
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
# गोरखा एक्सप्रेस
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४४ अंक ६ २०८२ भदौ १० गते मंगलबार (Aug 26, 2025) मूल्य रू. १०/-

## बागमती सभ्यता संकटमा



श्रमदानको ६ सय हप्ता नाघिसक्यो, बागमती सभ्यता एकीकृत विकास समितिले काम गरिरहेको छ, बागमती सफा हुनसकेन। २९ वर्षमा २१ अर्ब खर्च भइसक्यो, बालुवामा पानीहाले सरह भयो। यही समितिले २० वर्षे योजना बनाएको छ, २ खर्ब ८० करोड बजेट बनाएको छ।

राजनीतिक नियुक्त हुने भएकाले पार्टीका मान्छेले बागमती लुटिरहेका छन्, बागमतीबासीले बागमतीलाई ढलमती बनाइरहेका छन्। नैतिकता न राजनीतिको रह्यो, न राजधानीवासीको। बागमती सभ्यता इतिहासमा सिमित हुनेभयो।

## देश संकटमा, संसद रित्तै




भारतले लामो समयदेखि लिपुलेक, लिम्पियाधुरा, कालापानी भारतकै हो भनेर दावी गरिरहेको छ। चुच्चे नक्सामा रहेका यी नेपाली भूभागमा नेपालको सरकार छैन, भारतको हालीमुहाली चलिरहेको छ। यही बेलामा १० वर्ष अघिको सहमति दोहोऱ्याउँदै भारत र चीनले नेपालको लिपुलेकबाट व्यापार गर्ने सहमति गरेर नेपालको सार्वभौमिकतामा जोल्ट दिएका छन्। नेपाल संकटमा फसेको छ।

यस्तो संवेदनशील समयमा के गर्ने ? कसरी नेपालको भूभाग बचाउने ? भएका प्रमाणलाई देखाएर कसरी कूटनीतिक वार्ता गर्ने ? चीनलाई बुझाउने, भारतलाई संवादमा ल्याउने ? कुनै चासो नराख्ने सांसदहरू संसदमा उपस्थितिसमेत जनाउन छाडेका छन्। लोकतन्त्र भन्नेहरूको राष्ट्रियता कस्तो हो ?

## अमेरिकामा प्रशंसा, नेपालमा आरोप



उपसभामुख इन्दिरा रानालाई सत्तारूढ एमाले-कांग्रेसले महाभियोग लगाउने तैयारी गरिरहँदा उनीमाथि मानव बेचबिखन, बालबालिका बेचबिखन गरेको र जानकारी नै नदिई विदेश भ्रमण गरिरहेको आरोप लगाउँदै उनीविरूद्ध अभियान नै छेडिएको छ। संसद, सडक र समाचारमा इन्दिरा रानाविरूद्ध छेडिएको यो अभियानको चुरो उनलाई महाभियोग लगाएर संवैधानिक परिषदमा सत्ताधारीको बहुमत पुऱ्याउने र मनलागी निर्णय गर्ने रहेको बुझिएको छ।

इन्दिरा रानाविरूद्ध सत्ताधारी एमाले कांग्रेसले अपराधीझैं प्रचार गरिरहेको सन्दर्भमा उनी हरेकपल्ट सभामुखको अनुमति लिएरै विदेश भ्रमणमा गएको र यसपल्ट उनलाई अमेरिकाको बोल्टन सिटी काउन्सिलले जेलमा भएका परिवारका बालबालिकालाई संरक्षण गरेको सामाजिक कार्यका लागि पुरस्कृत गर्दैथियो। अमेरिकाले भनेको छ १९९० मा जब उनी १८ वर्षकी थिइन्, त्यतिबेला देखि बालबालिकाको हक, हितमा काम गरिरहेकोमा प्रशंसा पनि गरेको छ।



साभार

# नेपालमाथि छिमेकीद्वारा हमला

नेपालमाथि छिमेकीद्वारा हमला भएको छ। दुबै छिमेकीले १० वर्षअघिको सहमतिलाई नविकरण गरेर नेपाली भूभाग लिपुलेकाट चीन-भारतवीच व्यापार गर्ने, कैलाश मानसरोवर आवतजावत गर्न सहज पार्नेलगायतका सम्झौता भएको छ। एकातिर लिम्पियाधुरा, कालापानी र लिपुलेक नेपाली भूभाग हो, यसका अनेक प्रमाण नेपालसँग छ। त्यसमाथि चीन र बृटिशकालीन नक्साले समेत र १८१६ को सुगौली सन्धिले पनि ती भूभाग नेपालकै हुन् भन्ने प्रमाणित आधार छन्।




भारतले महाकाली नदीलाई आधार मानेको छैन, भङ्गालोलाई महाकाली नदी भनेर ती भूभागहरू भारतकै हुन् भन्ने दावी गरिरहेको छ। लिपुलेकबारे भारतको प्रतिक्रिया छ- 'नेपालको दाबी ऐतिहासिक तथ्यमा आधारित छैन।' यसको जवाफ नेपालले १० वर्षमा ८ पल्ट कूटनीतिक नोट पठाएर संवादबाट बिबाद सुल्झाउन गरेको पहललाई भारतले लत्याउँदै आएको छ। यसपल्ट पनि नेपालले पठाएको कूटनीतिक नोटको प्रतिकार गर्दै नेपालले उक्त क्षेत्रमा सडक निर्माण, विस्तार र सीमा व्यापार नगर्न भारतलाई आग्रह गर्दै सीमा विवाद कूटनीतिक माध्यमबाट समाधान गर्न तयार रहेको बताए पनि भारतले ती भू-भागसम्बन्धी नेपालको दाबीहरू कुनै ऐतिहासिक तथ्य वा प्रमाणमा आधारित नभएको र एकतर्फी दाबी अस्वीकार्य भएको जनाएको छ। भारतका विदेश मन्त्रालयका प्रवक्ता जैसवालले भनेका छन्- हामीले नेपालको परराष्ट्र मन्त्रालयद्वारा भारत-चीनबीच लिपुलेक मार्ग हुँदै हुने व्यापार पुनः सुरू गर्ने सम्बन्धमा व्यक्त गरिएको टिप्पणीलाई ध्यान दिएका छौं। नेपालको दावी मान्य छैन भन्दै उल्लेख गरेको छ- भारत र चीनबीच लिपुलेक मार्ग हुँदै हुने सीमा व्यापार सन् १९५४ मा सुरू भएको थियो र दशकौंदेखि चल्दै आएको छ। यो व्यापार पछिल्ला वर्षहरूमा कोभिड र अन्य कारणले अवरूद्ध भएको थियो। दुवै पक्षबीच सहमति भएपछि यसलाई पुनः सुरू गर्ने निर्णय गरिएको हो। नेपालले कूटनीतिक नोटमा उल्लेख गरेको लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न अङ्ग हो भन्ने विषयलाई भारतले सरासर लत्याएको छ, संवादमा बस्ने संकेत गरेको छैन। बरू 'भू-भागसम्बन्धी दावीहरू कुनै पनि ऐतिहासिक तथ्य र प्रमाणमा आधारित छैनन्। यस्ता एकतर्फी दाबी वा कृत्रिम रूपमा भू-भाग विस्तारको प्रयास अस्वीकार्य छ।'

कालापानी, लिपुलेक, लिम्पियाधुरा भारतकै हो भन्दै भारतले भनेको छ- 'भारत नेपालसँग सीमा विवादको बाँकी प्रश्नलाई संवाद र कूटनीतिक बाटोबाट समाधान गर्न तयार छ।' अब के गर्ने ? नेपाल माखेसाङ्लोमा फसेको छ। आफ्नै भूभाग आफ्नो भन्न पाइने, प्रमाण सिरान हालेर बस्ने कि कूटनीतिक अथवा कानुनी लडाइ लड्ने भन्ने विषयमा सरकार, संसद स्पष्ट छैनन्। नेपाल युद्ध लड्नसक्ने स्थितिमा छैन, भारत र चीनले नेपालको सार्वभौमिकतामाथि हमला नै गरिसकेका छन्। नेपाल कूटनीतिक संवाद भनिरहेछ, भारत र चीनले मानेको छैन। यद्यपि चीनले सफ्ट रूपमा प्रमाण भए विचार गर्न सकिने भनेको छ।

२०१५ मा चीनमा चिनियाँ राष्ट्रपति सी चिनफिङ र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीवीच लिपुलेकबाट व्यापार गर्ने सहमति भएको थियो। त्यसपछि कोरोना र गलवानमा चीन भारतका सेनावीचको भिडन्तले चिस्सिएको चीन भारत सम्बन्धलाई अमेरिकी ट्यारिफ आतंकले निकट पुऱ्याएको हो। यहीकारण पनि चीन र भारत मिल्न पुगेका छन् र यो शक्तियुद्धमा नेपाल घून पिसिएझैं पिसिन पुगेको छ। हालै चीनका परराष्ट्रमन्त्री वाङ यी र भारतका विदेश मन्त्री एस जयशंकरवीच लिपुलेकबाट व्यापार गर्ने सहमति भएको हो। सहमतिको सहमतिको ९औं बुँदामा लिपुलेक, शिप्कीला र नाथु ला पासमार्फत व्यापार पुनः सुरू गर्ने नेपालले चीन र भारत दुबैलाई 'नेपालको संविधानमा नेपालको आधिकारिक नक्सा समावेश भइसकेको र उक्त नक्सामा महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग रहेको तथ्यमा नेपाल सरकार स्पष्ट छ।' भने पनि दुबै देशले गम्भीर रूपमा लिएका छैनन्। भारत र चीनवीच सीमा विवाद अन्त्य गर्ने, चीनले भारतलाई मल र दुर्लभ खनिज पदार्थ उपलब्ध गराउने सहमति गरेका छन्, यो सुखद हो। तर वीचको नेपालमाथि हमलाको शैली अपनाउनु दुर्भाग्यजनक छ।

चीनका विदेश मन्त्री वाङ यीको अभिव्यक्ति छ- 'वैश्विक परिस्थिति तीव्र बदलिँदैछ। स्वतन्त्र व्यापार र अन्तर्राष्ट्रिय व्यवस्थाले चुनौतीको सामना गरिरहेका छन्। २.८ अर्ब भन्दा बढी जनसंख्या रहेका सबैभन्दा ठूला विकासशील देशहरू भारत र चीनले जिम्मेवारी देखाउँदै एक-अर्कासँग सहकार्य गर्नुपर्छ।' यसैवीच भारतका प्रम मोदीले भनेका छन्- 'म शाङ्घाई सहयोग संगठन (एससीओ) शिखर सम्मेलनको क्रममा तियानजिनमा हुने हाम्रो आगामी भेटको प्रतीक्षामा छु।' ( एसीओ शिखर सम्मेलन अगस्ट ३१ देखि सेप्टेम्बर १ सम्म हुनेछ।

यो सम्मेलनमा २० मुलुकका प्रतिनिधिहरू सहभागी हुनेछन्। नेपालका प्रधानमन्त्री केपी ओली हिमालयन एयरको बिशेष विमानबाट सम्मेलनमा सहभागी हुन जानेछन्। सन् २०२० मा पूर्वी लद्दाखको गलवानमा भएको भिडन्तपछि चीन र भारतका नेताहरू आमने सामने हुनेछन्। वीचमा नेपालका प्रम ओली पनि रहनेछन् र हालैका दिनमा नेपाली भूभागमाथि भएको हमलाबारे ओलीले त्रीपक्षीय अथवा द्वीपक्षीय भेटवार्तामा यो विषयको उठान गर्नेछन्, गर्नैपर्नेछ।

चीन र भारत सीमा समस्या समाधान गर्न अग्रसर छन् भने वीचमा तरूलको रूपमा अवस्थित नेपालसँगको सीमा समस्या पनि सदाका लागि समाधान गर्नुपर्छ भन्ने सोच विकास गर्ने जिम्मेवारी प्रम ओलीको काँधमा रहेको छ। प्रम ओलीलाई संसदको शक्ति प्राप्त छ, बुद्धिजीवी र नागरिक समाजको शक्ति पनि छ। अब प्रम ओलीले आफ्नो क्षमता र दक्षता देखाएर राष्ट्रका लागि काम गर्न सक्नुपर्छ।

## यो कार्य कार्यान्वयनमा देखिएला

१) सर्वदलीय / सर्वपक्षीय बैठक सरकारको आह्वानमा।
२) बैठक मार्फत विकसित घटनाक्रममा हाम्रो एक्यवद्ध दृष्टि र साझा प्रतिबद्धता निर्माण।
३) हाम्रो संसदले ३१ जेठ २०७७ मा संविधानको अनुसूची ३ मा सर्वसम्मत पारित गरेर स्पष्ट गरेको 'चुच्चे नक्सा' प्रती देशभित्र र अन्तर्राष्ट्रिय जगतमा थप स्पष्टता।
४) भारत र चीन बिच 15 मे 2015 मा लिपुलेकबारे भएको अघिल्लो सहमति उपर नेपालले पठाएको कुटनैतिक नोट समेत स्मरण गराउँदै पछिल्लो सहमति उपर पुन कुटनैतिक नोट।
५) ऐतिहासिक तथ्यहरुका आधारमा हाम्रा दुवै छिमेकीलाई विश्वासमा लिन जरुरी। प्रधानमन्त्रीको आसन्न भ्रमणमा लिपुलेक, लिम्पियाधुरा र कालापानीको बिषय प्रवेश।
६) नेपाल-भारत सिमा र सम्बन्धबारे बौद्धिक सुझावकालागि दुवै देशको सहमतिमा गठित प्रबुद्ध समुह EPG (Eminent Persons Group ) को ७ बर्षअघि तयार प्रतिवेदन दुवै देशका प्रधानमन्त्रीले बुझ्न र त्यसलाई आधार मानेर अन्य बिषयहरु समेतको हल खोज्न नेपालका तर्फबाट प्रस्ताव।

#लिपुलेक_नेपालको_हो। अनेकौं फरक मतका बिचपनी सिंगो नेपाल एउटै दृष्टि र एउटै प्रतिबद्धतामा उभिन जरुरी छ।

## नेपाल, भारत र चीनवीच विशेष सीमा-संवाद कसरी सम्भव गराउने ?




नेपाली भूभागमात्र होइन, नेपाल खतरामा पऱ्यो। लिपुलेक नेपाल र चीनको दुई देशीय विन्दु हो। लिपुलेक, कालापानी, लिम्पियाधुराका सम्बन्धमा पहिले नेपाल, चीन र भारतका वीच त्रीदेशीय विन्दु स्थापित हुन जरूरी छ। सरकारले लिपुलेकमा भारत र चीनको हस्तक्षेपविरूद्ध कूटनीतिक नोट पठाउनु जरूरी थियो, पठायो। स्मरणीय छ, बिगत १० वर्षमा सीमा अतिक्रमण र यी भूभागबारे नेपालले ८ पल्ट कूटनीतिक नोट पठाउँदा पनि भारतले यी भूभाग भारतकै दावी गरेको छ। नेपालको यसपल्टको कूटनीतिक नोटका बारेमा पनि भारतले वेवास्ता गर्नेछ। नेपालले थप के गर्ने हो, यसबारे सरकार, बुद्धिजीवी, सांसद सबैले विशेष छलफल गर्न जरूरी थियो। कुनै पनि तरिकाले नेपाल, भारत र चीनवीच छलफल हुनुपर्छ र त्रीदेशीय विन्दुको निक्यौंल गर्नसके नेपालको सार्वभौमिकताको सम्मान हुनसक्छ। हेक्का रहोस्।

## नेपालमा कसरी विकास गर्न सकिन्छ ?



अर्याल सरोज-

विकासशील नेपाललाई शासन, पूर्वाधार, मानव पूँजी र दिगोपनलाई सम्बोधन गर्ने समग्र दृष्टिकोण आवश्यक छ।

१. सुशासन र भ्रष्टाचार विरोधी

- संस्थाहरूलाई बलियो बनाउनुहोस्स् पारदर्शिता, जवाफदेहिता र कुशल सेवा वितरण सुनिश्चित गर्नुपर्छ।

- डिजिटल शासन: लालफितीशाही र भ्रष्टाचार कम गर्न ई-शासन प्रयोग गर्नुपर्छ।

- स्थानीय सरकारहरूलाई सशक्त बनाउनुहोस्ः छिटो स्थानीय विकासको लागि शक्ति र स्रोतहरू विकेन्द्रीकृत गर्नुपर्छ।

- बलियो कानून प्रवर्तनस् भ्रष्टाचारका मुद्दाहरूलाई प्रभावकारी र सार्वजनिक रूपमा सजाय गर्नुपर्छ।

२. पूर्वाधार विकास

- यातायातस् सडक, पुल, विमानस्थल र रेल लिंकहरू विस्तार र सुधार गर्नुपर्छ (विशेष गरी दुर्गम क्षेत्रहरूलाई जोड्ने)।

- ऊर्जास् जलविद्युत, सौर्य र वायुमा लगानी गर्नुहोस्। छिमेकी देशहरूमा बिजुली निर्यात गर्नुपर्छ।

- डिजिटल पूर्वाधार: शिक्षा, व्यवसाय र नवीनतालाई प्रवर्द्धन गर्न ग्रामीण क्षेत्रमा इन्टरनेट पहुँच विस्तार गर्नुपर्छ।

३. शिक्षा र सीप विकास

- पाठ्यक्रम सुधारस् सूचना प्रविधि, उद्यमशीलता, कृषि, पर्यटन र व्यावसायिक तालिम जस्ता सीपहरूमा ध्यान केन्द्रित गर्नुपर्छ।

- सार्वजनिक(निजी साझेदारीस् विश्वविद्यालयहरूसँग सहकार्य गर्न उद्योगहरूलाई प्रोत्साहित गर्नुपर्छ।

- फर्कने कार्यक्रमहरूस् विदेशबाट फर्केका युवाहरूलाई सीप बाँड्न र नेपालमा लगानी गर्न प्रोत्साहन प्रदान गर्नुपर्छ।

४. कृषि आधुनिकीकरण

- प्रविधिको प्रयोग: आधुनिक सिँचाइ, भण्डारण र आपूर्ति श्रृंखला प्रणालीहरू परिचय गर्नुपर्छ।

कृषि-उद्योगहरूस् खाद्य प्रशोधन र निर्यात(उन्मुख कृषिलाई प्रवर्द्धन गर्नुपर्छ।

- भूमि सुधार: निष्पक्ष भूमि वितरण र उत्पादक प्रयोग सुनिश्चित गर्नुपर्छ।

५. पर्यटन र सांस्कृतिक सम्पदा

- पारिस्थितिक र साहसिक पर्यटनस् पदयात्रा, पर्वतारोहण, र पारिस्थितिक लजहरूलाई प्रवर्द्धन गर्नुपर्छ।

- सांस्कृतिक पर्यटन: लुम्बिनी, काठमाडौँ उपत्यका र जनकपुर जस्ता सम्पदा स्थलहरू विकास गर्नुपर्छ।

- आतिथ्य सुधार गर्नुहोस्ः स्थानीय समुदायहरूलाई तालिम दिनुहोस् र दीर्घकालीन आगन्तुकहरूलाई आकर्षित गर्न सेवाहरू सुधार गर्नुपर्छ।

६. उद्यमशीलता र उद्योग

- स्टार्टअप समर्थन: नेपाली उद्यमीहरूको लागि बीज कोष, परामर्श र इन्क्युबेशन प्रदान गर्नुहोस्।

- SMEs मा लगानी गर्नुपर्छस् साना र मझौला उद्यमहरूलाई ऋण र अनुदान उपलब्ध गर्नुपर्छ।

- व्यवसाय दर्तालाई सरल बनाउने स् नयाँ व्यवसायहरूको लागि नोकरशाही अवरोधहरू कम गराउने।

७. स्वास्थ्य र सामाजिक सेवाहरू

- ग्रामीण स्वास्थ्य सेवा: ग्रामीण नेपालमा गुणस्तरीय अस्पताल र क्लिनिकहरूमा पहुँच विस्तार गर्नुपर्छ।

- निवारक स्वास्थ्य: सरसफाइ, पोषण र नियमित जाँचको बारेमा जागरूकता प्रवर्द्धन गर्नुपर्छ।

- मानसिक स्वास्थ्य: बढ्दो डिप्रेसन र आत्महत्या दरलाई सम्बोधन गर्नुपर्छ, विशेष गरी युवाहरूमाझ।

८. वातावरणीय संरक्षण

- संरक्षणस् वन, जैविक विविधता र पानीका स्रोतहरूको सुरक्षा गर्ने।

- जलवायु लचिलोपन: बाढी, पहिरो र हिमनदी ताल विस्फोटको प्रतिरोध गर्न पूर्वाधार निर्माण गर्नुपर्छ।

- स्वच्छ ऊर्जा: प्रदूषणकारी विकल्पहरू भन्दा दिगो समाधानमा जोड गर्नुपर्छ।

९. युवा रोजगारी र फर्केकाहरूको पुनर्एकीकरण

- सीप(मिलान प्लेटफर्महरू: फर्केका युवाहरूलाई रोजगारी मिल्ने अनलाइन उपकरणहरू सिर्जना गर्नुपर्छ।

# राष्ट्र र राष्ट्रिय एकता सम्बन्धि फितलो नीति

*चीनले भूपरिवेष्ठित अवस्थामा रहेको नेपाललाई आफ्नो बिआरआई परियोजनामार्फत विश्वका बिभिन्न मुलुकसँग जोडाउन गरेको प्रयास पनि नेपालले नै अगाडि बढाएन। झन नेपालले अमेरिकी सहयोग एमसीसी संसदबाट पारित गरेपछि चीनले नेपाललाई थप शंकाको दृष्टिले हेरको देखिएको थियो। भूराजनीति हिजो पनि परिवर्तनशील थियो, आज पनि छ र भोली पनि हुनेछ। तर समयक्रममा नेपालको शासन सत्तामा आएकाहरूले त्यसलाई आफ्नो देशको आवश्यकता र अवस्थितिअनुसार सन्तुलित गर्दै/गराउँदै लान सक्नुपर्दछ।*



डा. केशव देवकोटा

जतिबेलासम्म नेपाल पृथ्वीनारायण शाहले प्रतिपादन गरेको 'दुई ढुंगाबीचको तरुल'को नीतिमा रहेको थियो,त्यतिबेलासम्म राष्ट्रिय एकता र सद्भाव मौलाएको अवस्था थियो। त्यतिबेला पनि भारतीयमात्र नभएर पश्चिमा ( ब्रिटिश) हरुको नेपालमा ध्यान नगएको होइन। तर तत्कालीन शासकहरुले सबैलाई सन्तुलनगर्दै अगाडि बढाउने कामहरु गरेका थिए। करिब २५५ वर्षपहिले पृथ्वी नारायण शाहले अगाडि सार्नुभएको उपरोक्त वाणी आज पनि त्यत्तिकै सान्दर्भिक र तथ्यपरक रहेको छ। नेपालको भूपरिवेष्ठित अवस्था, भूबनोट, र संवेदनशील भूराजनैतिक अवस्थाले नेपालको सामरिक महत्व अन्तर्राष्ट्रिय शक्ति केन्द्रहरुको माझ पछिल्ला दिनमा झन बढेर गयो। त्यसैलाई बिचार गरेर नेपालले असंलग्न परराष्ट्र नीति र अशल छिमेकी नीतिको अवलम्बन गरेको थियो। जसका कारण दुई बिशाल छिमेकीमध्ये भारतले नेपालमा गिद्ध दृष्टि लगाएपनि चीनले खासगरी नेपालको राष्ट्रिय अखण्डता र सार्बभौमिकताको जगेर्नाका लागि ढाडस दिएको थियो। चीनले आफ्नातर्फका सबै सीमा बिवादहरु पनि मिलाएको थियो। तर पश्चिमाहरुले आफ्नो नेपाल नीतिमा परिवर्तन गरे। शुरुमा इन्डो पश्चिमा गठबन्धन बनाएर भारतमार्फत नेपालमा छिरे यहाँका केही कथित बामपन्थी समूहमार्फत बिध्वंश मच्चाए। ढाडमा टेकेर टाउकोमा हान्ने नीति लिएकाहरुले जब नेपालको शासन सत्ता हातपारे तब उनीहरुले नेपाललाई दुई ढुंगाबीचको 'तरुल' नभएर 'डाइनामा' बनाउने उद्घोष गरे। तव नेपालका दुर्दशाका दिनहरु शुरुभएका छन्। यतिबेला एकातिर नेपालमा अमेरिकाबाट प्रायोजित संघीयता सहितको राजनीतिक ब्यवस्था छभने अर्कातिर दुई छिमेकी मुलुकहरु त्यही अमेरिकाका बिरुद्ध मोर्चाबन्दीको अवस्थामा पुगेका छन्। नेपालले सैन्य रणनीतिमा आधारित एमसीसी भित्र्याउनु र विकास रणनीतिमा आधारित बिआरआईलाई पन्छाउनुनै यसको दुर्दशाको कारण भएको छ।

नेपालमा एमसीसीमार्फत अमेरिकी हस्तक्षेप शुरुभएपछि इन्डो पश्चिमा शक्तिकाबीचमा समेत फाटोको अवस्था सिर्जना भएको छ। 'इन्डो' प्रतिपक्षमा र 'पश्चिमा' सत्तामा भएका कारण कुनैपनि निर्णयहरु सहमतिमा हुनछाडेका छन्। केवल सत्ताकै लुछाचुँडी बढ्दै गएको देखिएको छ। यस्तो अवस्थामा गत साता भाद्र तीनगते छिमेकी चीन र भारतले नयाँ दिल्लीमा बैठक गरेर नेपालको नक्शाभित्रको लिपुलेककाबारेमा जेजस्तो निर्णय गरे त्यसले नेपालीहरुलाई राम्रैसँग झस्काउने काम गरेको छ। सन् १९४९ अक्टुवर एकमा जनवादी गणतन्त्र चीनको स्थापना भएदेखि नै उसले देश पहिलोभन्ने नीति अवलम्बन गरेका कारण चीन आज विश्वका शक्ति राष्ट्रमध्ये एक बन्न सफल भएको छ। अर्को छिमेकी मुलुक भारतमा 'सबका साथ, सबका विकास' भन्ने नारा दिएर नरेन्द्र मोदी उदाएपछि भारत पनि शक्ति राष्ट्र बन्ने दौडमा अगाडि बढेको छ। जहाँ मोदीले 'भारत पहिलो' भन्ने औपचारिक नीति नै अगाडि सार्नुभएको छ। तर ०६३ पछि नेपालको शासन सत्तामा आएकाहरुले 'नेपाल पहिलो' भन्ने औपचारिक नीति पनि अगाडि सार्नसकेका छैनन्भने ब्यवहारिकरुपमा 'विदेश पहिलो'भन्ने नीति कार्यान्वयन गरिरहेको देखिएको छ। नभन्दै राष्ट्रिय जनगणना ०७८ अनुसार नेपालको जनसंख्या दुई करोड ९१ लाख ६४ हजार ५७८ रहेको अवस्थामा झण्डै एक करोड रोजगारीको खोजीमा विश्वका बिभिन्न मुलुकमा भौतारिएका छन्। झण्डै एक करोड बृद्ध, बालबालिका र असक्त रहेको अनुमान छ।

यस्तो अवस्थामा करिव एक करोड नेपालीको पनि राम्रो ब्यवस्थापन गर्न/गराउन नसकेर नेपालका शासकहरु जेमा पनि विदेशी गुहार्ने अवस्थामा पुगेका छन्। एकलाख ४७ हजार ५१६ वर्ग किलोमिटर क्षेत्रफल भएको मुलुकलाई सातवटा प्रदेश र ७७ वटा जिल्लामा बिभाजन गरिएको छ। जहाँ ८८६ जना सांसद र झण्डै २०० मन्त्रिहरु कार्यरत रहेका छन्। देशको कूल बजेटको ८३ प्रतिशत रकम राजनीतिक परिचालनमा खर्च हुने ब्यवस्था गरिएको छ। यो सबैको मुख्य कारण नेपाललाई जसरी पनि गंभिर संकटमा धकेलेर सकेसम्म अस्थित्वनै समाप्त बनाउनु हो। यसरी छिमेकी राष्ट्रहरुको शक्ति बढिरहेका बेला हामीभने अस्तित्वको लडाइँमा रहेका छौं। जसको मूल कारण नारा सकेसम्म चर्का दिने र काम सकेसम्म स्वार्थपरक ढंगले गर्नु/गराउनु हो। यो अवस्थानै राष्ट्र र राष्ट्रियताका लागि सबैभन्दा ठूलो खतरा हो। दुई विशाल मुलुककाबीचमा रहेको नेपाललाई दुवै मुलुकले आफूतिर तान्ने प्रयासगर्नु कुनै आश्चर्यको बिषय होइन। सीमाना जोडिएका दुवै मुलुक श्रोत र साधनका हिसाबले नेपालभन्दा निकै बलिया रहेका छन्। दुवैलाई अशल मित्र बनाएर अघिबढ्नु नेपालका लागि एकमात्र राष्ट्रिय हितको विषय हुन्थ्यो। तर यसअघिको माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारले छिमेकी दुई मुलुकमध्ये चीनलाई चिढ्याउने र भारतलाई रिझाउने काम गरेको थियो। उक्त सरकारले असंलग्न परराष्ट्र नीतिबाट नेपाललाई बिचलित गराउँदै स्वतन्त्र परराष्ट्र नीतिका नाममा अमेरिका निकट पुऱ्याउने र अशल छिमेकी नीतिलाई पनि छिन्नभिन्न बनाउने काम गरेको थियो। सो सरकारका पालामा नेपाल आएका चिनियाँ अधिकारीहरुले त खुलेरै नेपालले चीनलाई एक्ल्याउने प्रयास गरेको भनेका थिए। चीन हाल आफै भारत निकट बन्न पुगेको छ। जसलेगर्दा नेपाल छिमेकीका सन्दर्भमा नेपाल एक्लिन पुगेको देखिएको छ। यस्तो अवस्थामा हालै भारत र चीनले नेपालको संलग्नता र जानकारी बिनानै नेपाली भूमी लिपुलेककाबारेमा संझौता गरेकाले नेपाल एक्लिन पुगेको प्रमाणित पनि भएको छ। यसअघि कतिपयले भैरहेको सिंगो सग्लो नेपाललाई छुट्टिएर जान पाउने आत्मनिर्णयको अधिकार सहितको प्रदेश बनाएर नेपालको अस्थित्वलाई समाप्त पार्ने प्रयास पनि गरेका थिए। हाल आत्मनिर्णयको अधिकार नभने पनि उनीहरुले जातीय र क्षेत्रीय नारा दिएर प्रदेशहरुलाई अनेकतामा एकता होइन, एकतामा अनेकताको सिर्जना गराउने प्रयास गरिरहेका छन्।

नेकां, एमाले र माओवादी केन्द्रको प्रयासबाट नेपालमा सैन्य रणनीतिमा आधारित एमसीसीको प्रबेश गराइएको छ। नेपालले एमसीसी परियोजना संसदबाट पारित गरेपछि छिमेकी चीन नेपालप्रति सशंकित बनेको बिभिन्न भनाई र घटनाक्रमहरुले स्पष्ट गरेका छन्। नेपाली भूमी प्रयोग गरेर कुनै पनि तेश्रो राष्ट्रले चीनलाई कुदृष्टि नलगाओस् भन्ने चाहना चीनको रहनु स्वाभाबिक छ। तर पश्चिमा राष्ट्रहरु नेपाली भूमी प्रयोग गरेर चीनमाथि चढाइँगर्ने प्रयासमा रहेका छन्। नेपालले आफ्नो भूमी छिमेकी मुलुक विरुद्ध प्रयोग हुन नदिने औपचारिक प्रतिवद्धता व्यक्त गरेपनि ब्यवहार त्यस्तो देखिन सकेको छैन। नेपालमा अमेरिकी सहयोग एमसीसी लिनेकि नलिने भन्ने बहस भइरहेकै बेला चीनले सार्वजनिकरुपमा नै एमसीसीको विपक्षमा अभिव्यक्ति दिएको थियो। तर नेपालका शासकहरुले छिमेकीको चाहनाको घोर उपेक्षा गरे। चीनले भूपरिवेष्ठित अवस्थामा रहेको नेपाललाई आफ्नो बिआरआई परियोजनामार्फत विश्वका बिभिन्न मुलुकसँग जोडाउन गरेको प्रयास पनि नेपालले नै अगाडि बढाएन। झन नेपालले अमेरिकी सहयोग एमसीसी संसदबाट पारित गरेपछि चीनले नेपाललाई थप शंकाको दृष्टिले हेरको देखिएको थियो। भूराजनीति हिजो पनि परिवर्तनशील थियो, आज पनि छ र भोली पनि हुनेछ। तर समयक्रममा नेपालको शासन सत्तामा आएकाहरुले त्यसलाई आफ्नो देशको आवश्यकता र अवस्थितिअनुसार सन्तुलित गर्दै/गराउँदै लान सक्नुपर्दछ।

विगत लामो समयसम्म ब्रिटिश साम्राज्यको प्रभूत्वले भारतमात्र नभएर चीन र नेपालको सम्बन्धलाई समेत प्रभावित गरेको कुरालाई नेपालका शासकहरुले कहिल्यै पनि भुल्नु हुने थिएन र हुँदैन पनि। सन् १९६० र ७० को दशकमा रुस र चीनबीच आएको दूरीले रुस भारततिर र चीन अमेरिकातिर नजिकिएका थिए। हाल त्यसको ठीक बिपरित रुस र चीन एक भएका छन्भने भारतसमेत सो गठबन्धनमा जोडिन बाध्य बन्दैगएको छ। तर नेपालभने उपरोक्त तीनवटै मुलुकका बिरुद्ध ब्यक्त भैदिँदा अब सहज ढंगले विश्व राजनीतिक रंगमञ्चमा उभिनसमेत असहज बन्दै गएको छ। आजको २१ औं शताब्दीमा चीन र भारत दुवै आर्थिक महाशक्तिकारुपमा उदाएका छन्। उनीहरुका बीचमा प्रतिस्पर्धा र सहकार्य दुवै छ। मुख्यत: पारस्परिक विकासका सम्भावना तथा केही हदसम्म बाध्यताले पनि भारत र चीन पहिलेभन्दा घनिभूत सहकार्यमा रहेको देखिएको छ। अमेरिका र चीनबीच चलेको 'व्यापार युद्ध' अहिले भारतविरुद्ध पनि लक्षित बन्दैगएको छ। यसले पनि चीन र भारतलाई नजिकिन बाध्य बनाएको देखिएको छ। यस्तो अवस्थामा नेपालभने अमेरिकी खेमामा उभिन पुगेकाले यसको अस्थित्वनै खतरामा परेको धेरैले ब्याख्या र बिश्लेषणगर्न थालेका छन्। नेपालले तत्कालै एमसीसीजस्तो बिवादास्पद परियोजना फिर्ता गर्नुकासाथै फेरी आफूलाई असंलग्न परराष्ट्र नीति र अशल छिमेकी नीति अबलम्बन गरेर दुई ढुंगाबीचको 'तरुल'कैरुपमा स्थापित गराउन सकेनभने नेपाल र नेपालीका लागि धेरै असहज अवस्था आउनसक्छ। यसतर्फ देशभक्त नेपालीहरुको ध्यान जाओस्।





**Gorkha Express Weekly**

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
**गोरखा एक्सप्रेस साप्ताहिक**

# मुक्तक लेख्ने प्रयासहरू – हेला गर्नु हुँदैन बृद्धहरूलाई दुबै पक्षकाले



सबैसँग मन खोलेर  कुरा बताउने नगर्नु
दु:ख सुख जे जति छन् जताउने नगर्नु
हाँसो उडाउँने गर्छन् यहाँ सबै थोक जानेर,
मिठो बोल्यो भन्दैमा  छिटो पताउने नगर्नु ।

**- नीता गुरुङ भाटिया**



आउने आउँछन् अनि जाने जान्छन् यस्तै त हो
घमण्ड गर्नेले आफूलाई महान ठान्छन् यस्तै त हो
सत्य त तितो लाग्छ मीठो भएपनि यो कलियुगमा,
यहाँ राम्रो गर्नेलाई पनि नराम्रो मान्छन् यस्तै त हो ।

**- रिता खराल**



समाजमा राम्रो काम गर्नुपर्छ मान रहिरहन्छ
जीवनमा केही गर्नुस् नमेटिने सान रहिरहन्छ
हेर्ने आँखाहरु भन्दा बुझ्ने मन राम्रो हुनुपर्यो
त्यसपछि सधैभरी मुहारमा मुस्कान रहिरहन्छ

**- सरस्वती तिवारी**



कमजोर ठानी नारी मनलाई गाल्नेहरु सुन
पुरुष भएको घमण्ड मनमा पाल्नेहरु सुन
नारी बिना तिम्रो पुरुषत्वको कुनै अर्थ छैन
इज्जत गर्न सिक्नुपर्छ एसिड फाल्नेहरु सुन ।

**- मिरा ज्ञवाली**



मान्छेलाइ कुनै दिन समस्याले घेर्न सक्छ
जिन्दगीको मोडमा अँध्यारोले बेर्न सक्छ
सबै थोक छ भन्दै घमण्ड नगर्नुहोस् महोदय,
घोच्ने बेलामा काँडाले धनी गरीब नहेर्न सक्छ ।

**- सुष्मिता शर्मा, असम**



देश दिनदिनै भ्रष्टाचारको दलदलमा फस्दैछ
उद्योगी व्यवसायी आज लाचार भएर बस्दैछ
अर्थतन्त्र हिजोभन्दा आज ओरालो लागेपछि
वैदेशिक रोजगारीमा जान कम्मर कस्दैछ ।

**- कला ढकाल**



निधारको टीको अनि हातको चुरा उस्तै हुन्
सुन सानु संस्कार संस्कृतिको कुरा उस्तै हुन्
हेला गर्नु हुँदैन वृद्धहरूलाई दुवै पक्षकाले
आफ्ना आमा बाबा र सासु ससुरा उस्तै हुन् ।

**- अरुणकुमार भुजेल**



भन्न छोड्नुहोस् यसलाई, जे जे चाहिन्छ दिनुपर्छ,
समयमै बा !  देशलाई जे जे चाहिन्छ दिनुपर्छ,
मलाई राष्ट्रको स्वाभिमानसहितको जीवन भएपुग्छ,
हिमालपहाड, तराईमधेसलाई जे जे चाहिन्छ दिनुपर्छ

**- निरजकुमार माझी**



हार्नु ठूलो कुरा हुँदै होइन मात्रै आफूसँग हार्नु भएन
परिस्थिति जस्तोसुकै होस् सपनाहरू मार्नु भएन
म देख्दैछु एउटै मान्छेका पनि हजारौं अवतारहरू
तिनै अवतारसँग आफूले गलत पाइला सार्नु भएन

**- पार्वती अधिकारी**



मरेपछि मात्र याद रहन्न कुनै साथ
आँसु जति झरेपनि कहन्न कुनै बात
सिरानीमा पुछिएका नयनका धारा
बाढी आई सम्झनाको बहन्न कुनै रात ।

**- पौडेल रुपा**

# किशोर श्रेष्ठको *म अनि मेरा भोगाइहरू*



किशोर श्रेष्ठको "म अनि मेरा भोगाइहरू"को परिचर्चा सम्पन्न भएको छ । साहित्यिक पत्रकार संघ र काठमाडौं संखुवासभा साहित्य समाजले आज संयुक्त रूपमा सर्जक किशोर श्रेष्ठ "आवाज"को "म अनि मेरा भोगाइहरू" कविता र नियात्राकृतिको परिचर्चा कार्यक्रमको आयोजना गरेको हो । कार्यक्रमका सभाध्यक्ष साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकालीले गर्नुभएको हो । कृतिबारे समालोचक डा. शान्तिमाया गिरी र कवि दिलीप श्रेष्ठले समीक्षात्मक मन्तव्य राख्नु भएको थियो ।

गुन्जनकी अध्यक्ष आख्यानकार जलेश्वरी श्रेष्ठको प्रमुख आतिथ्यतामा आयोजित सो कार्यक्रममा समालोचक डा. शान्तिमाया गिरीले किशोरको आख्यानमा भौगोलिक परिवेश, सांस्कृतिकता, सामाजिकता र चालचलन लगायत अनगिन्ती विषयबस्तुलाई विवरणात्मक शैलीमा लेख्नु भएको बताउनु भयो ।

यसैगरी अर्का समीक्षक कवि दिलीप श्रेष्ठले सर्जक किशोरको योगदानको चर्चा गर्दै कृतिमा समावेश कवितामा सांस्कृतिक, सामाजिक र राजनीतिक चेतको उल्लेख गर्नु भयो । कार्यक्रममा अध्यक्ष लेकालीले सर्जक श्रेष्ठको समग्र परिचय र योगदानको उल्लेख गर्दै चैनपुरको विशेष चर्चा गर्नु भयो भने प्रमुख अतिथि जलेश्वरी श्रेष्ठले कृतिको चर्चा गर्दै बधाई ज्ञापन गर्नु भयो ।

कृतिकार किशोर श्रेष्ठले आफ्नो सिर्जना यात्राबारे उल्लेख गर्दै कार्यक्रम आयोजक संस्था र उपस्थित सबैलाई धन्यवाद गर्नु भयो ।

कार्यक्रममा कविहरू सविता श्रेष्ठ "बेहोसी" र मन्जिला अनिलले कविता वाचन गर्नु भएको सो कार्यक्रममा अध्यक्ष लेकाली, प्रमुख अतिथि जलेश्वरी र साहित्यिक पत्रकार संघकी कोषाध्यक्ष पद्ममावती सिंहले सर्जक किशोर श्रेष्ठलाई दोसल्ला, माला र खदा लगाएर सम्मान गर्नु भएको थियो ।

# तीज कार्यक्रममा समाजसेवीहरू सम्मानित




तीज कार्यक्रममा समाजसेवीहरु सम्मानित भएका छन् ।

२०८२ भदौं २, गते हरितालिका तीजको अवसर पारेर एस एस फाउन्डेसन, साहित्यिक पत्रकार संघ र काठमाडौं क्षेत्र १ एकता समाजले संयुक्त रुपमा ५ जना समाजसेवीहरुलाई सम्मान गरेको हो ।

सम्मानित हुनेहरुमा साझा विवेकशील पाटीकी अध्यक्ष समाजसेवी समीक्षा बास्कोटा, नेपाल खड्गी समाजकी अध्यक्ष समाजसेवी अन्जिता खड्गी, समाजसेवी अन्जु गौतम र विजया भट्टराई तथा समाजसेवी एवं राजनीतिज्ञ सुन्दरप्रकाश खड्का रहनु भएको छ । उहाँहरुलाई कार्यक्रमका प्रमुख अतिथि राप्रपाका अध्यक्ष माननीय राजेन्द्र लिङ्देन, एस एस फाउन्डेसनका संरक्षक समाजसेवी एवं गीतकार शोभित उप्रेती, काठमाडौं क्षेत्र न. १ एकता समाजका अध्यक्ष चमन कोइराला लगायतले सो सम्मान गर्नु भएको हो ।

एस एस फाउन्डेसनका अध्यक्ष वरिष्ठ कलाकार मदनदास श्रेष्ठको सभापतित्वमा आयोजित सो कार्यक्रमको सहजीकरण साहित्यिक पत्रकार संघका अध्यक्ष लेकालीले गर्नु भएको थियो । कार्यक्रममा साहित्यकार, कलाकार, पत्रकार, उद्योगी, समाजसेवी लगायतको उपस्थिति रहेको थियो ।

# पुत्लादहन भित्र नियाल्दा


अरूणबहादुर खत्री

प्रेम शिलाभित्र आँखा लगाउँदा

- अरुणबहादुर खत्री 'नदी'

हरि भट्टराईको प्रेम शिला नामक उपन्यास २०७५ सालमा प्रकाशित भएको छ । लाग्छ उपन्यासकारको जीवन एउटा उपहार भएको छ । सबै थोक पुगेको छ जीवनमा । अनेक उतारचढाव पार गर्दै भट्टराई यो क्षणमा छन् । यस उपन्यासको भाग एकमा हाम्रो वार्षिक परीक्षा चल्दै थियो । हामी एसएलसीको भूतको आँगनमा पुग्नेवाला थियौं । जसले पनि त्यही भूत देखाएर तर्साउन खोज्थे । यसो हिँडेको देखे पनि अब सानो छैनस् एसएलसी दिने हो आइसाल । पढ्नेलेख्ने गर, भन्दै कडा आदेश दिनु दैनिकी थियो बाआमाको भनेर भट्टराईले लेखेका छन् ।

प्रेम शिला एउटा चमत्कारिक घटनाक्रम, कौतुहलता र रोमाञ्चकताले भरिएको छ । उपन्यासले साहस, आत्मविश्वास र ईच्छाशक्ति भएमा असम्भव भन्ने केही हुँदेन र दुर्लभ उपलब्धी पनि हासिल गर्न सकिन्छ भनेर सन्देश दिएको छ । भाग दुईमा गोठ खाली थियो । न भैंसीले आइँ गर्थ्यो, न त गाईले बाँ नै । त्यसै गरी बाखाले म्याँ म्याँ गरेर खोर थर्काउने अवस्था पनि थिएन । म जोकर फाल्तु थिएँ । काम केही थिएन । खाली दिमाग सैतानको घर भनेझैं मेरो मनमा अरु कुराले प्रवेश पाएको थिएन भनिएको छ ।


यस उपन्यासको भाग तीनमा बाआमा विजयपुर गएको तीन दिनपछि आइसक्नुभएको थियो । आज फेरि भैंसी किन्न जाने भन्नुभयो । बाटामा एक टकले नहेरेको पनि तीन दिन भयो । आज त दर्शन गर्न पऱ्यो भनेर के निहुँले बाटातिर हेर्ने भन्ने सोच्दै थिएँ, आइडिया फुरिहाल्यो । एउटा कलमकापी कुर्सी ल्याएर बाटातिर हेर्दै गीत रच्न बसेँ । तर जति कने पनि एक लाइन लेख्न सकिनँ । न उनलाई देख्न पाएँ भनेर लेखिएको छ ।

उपन्यासको भाग नौमा जेबले विदा हुने बेला अलिकति पानी दिएको थियो । त्यही मौका छोपेर सबैले ब्याड राखे- धानको । हेर्दाहेर्दै बाँझो फाँट दुलहीले कपडा फेरेझैं फेरियो । असारको झरीमा सबैले खेत रोपेर सिध्याए । सबैलाई सन्तोषको सास फेराएर असार पनि हिजो मात्र विदा भयो भनिएको छ । उपन्यासको भाग दसमा साउने सक्रान्ति मनाएको हिजै जस्तो लाग्छ । कति चाँडै कृष्ण जन्माष्टमी पनि आइसकेछ । तीजले दैलो टेकेछ । छिमेकका महिलाहरु नयाँ कपडा लगाएर निस्कन थालिसके भनिएको छ ।

उपन्यासको भाग एघारमा केही दिन दसैं विदा बाँकी नै थियो । पूरै विदा मामाघरमै बसेर मनाउने सोचेँ । होमवर्क गर्न कपी लिएर आएको थिएँ । अलिअलि होमवर्क मामाघरमा पनि गरेँ भन्ने बारेमा लेखिएको छ । भाग तेह्रमा असारले विदा लिन आटेकै थियो । खेत पहेँलपुर थियो । सङ्गमसँग आँपको रुखमुनि गफ गरेको पनि करिब १० दिन भइसकेको थियो । उनीसँगको भेटका क्षण सम्झिएर मलाई कताकता काउकुती लागिरहेको थियो ।

उपन्यासको भाग बाह्रमा दिदीहरु पर्म लाउन गएका थिए । मैले भैसीलाई घाँस काटेँ । दाइले खेतमा छेउकुना खन्नुभयो । आमा घरायसी काममा व्यस्त । बा भने हल-खेताला खोज्न माथि टोलतिर जानुभएको छ भनेर लेखिएको छ । भाग तेह्रमा पालीभरि मकैका घोगा थिए । घरपरिवार सबै मिलेर मकैको झोता बनाउदै थियौं । पाँच बजेतिर घर अघिको बाटो हुँदै पुलिसको गाडी हुइँकियो । कहाँ के भएछ आमाबुबा काम रोकेर मुखामुख गर्नुभयो भनिएको छ ।

भाग चौबिसमा ज्वाइँको गल्ती छैन । छोरीले नै छाडेर गइछ भन्ने बूढालाई लागेको भए तपाईप्रति सहानुभूति हुन्छ । आफूले गरी आएको जागिर पनि सुरक्षित हुन सक्छ । यसो भयो भने पनि राम्रै हो उनले थपिन् । यस उपन्यासको भाग पच्चिसमा आफ्नो कुरामा आमाबा दृढ हुनुभयो । तर मैले भनिदिएँ, गर्ने हो भने सङ्गमसँगै गर्छु, नत्र कहिल्यै गर्दिनँ । तपाईहरुलाई खासै दु:ख हुँदैन, भाउजू हुनुहुन्छ भित्रलाई । उनले बाहिरफेर गर्लिन् । जागिरै खालिन्, अप्ठ्यारो भए बाहिरै राखम्ला भनेर लेखिएको छ ।




उनका उपन्यास सरल र श्लील भाषा शैलीमा प्रस्तुत भएको छ । यो उपन्यास पढेपछि उपन्यासका पात्रहरु आँखा अगाडि हुँदै मनभित्र बस्छन् । यस उपन्यासको अन्तिम भाग छब्बिसमा जिन्दगीको रथ सन्तुलित किसिमले चल्न थाल्यो । आनन्दले उत्कर्षको रुप लिँदै थियो । आमाबा पनि हात र गलामा पहेलो जिनिस टल्काउन पाएपछि परिवर्तन हुनुभएको थियो । सङ्गमले दिएका उपहार र मीठो बोली व्यवहारले प्रभावित भइसक्नुभएको थियो । गाडी हाँक्न सक्ने हातले भाँडा पनि माझ्थे, घाँस पनि काट्थे । कलम चलेकै थिए, अरुले गर्ने काम कुनैमा पनि कमी थिएन । पकाउन पाए त्यसमा पनि अब्बल नै थिइन् भनेर भट्टराईले लेखेका छन् ।

उपन्यासकार भट्टराईको यो उपन्यासले पाठकको संवेदनालाई जुरमुराइदिएको पाइन्छ । उपन्यासले पाठकको सोचाइमा श्रीपेच लगाएर स्पन्दनमा राज गर्न सकेको देखिन्छ । उपन्यासकार भट्टराईमा घटना टिपेर अनुकूल परिवेशले सिगार्ने खुबी छ । यिनको कलम तिखो छ र समाजका विकृति विसङ्गति प्रति प्रहार गर्न सक्षम पनि छ । उनका अधिकांश सृजनाहरुमा चरित्र चित्रणलाई विशेष जोड दिइएको छ । उनको उपन्यास लेख्ने शैली सरल र बोधगम्य छ । समाजका विभिन्न वर्ग, क्षेत्र, घटना, चरित्र आदिलाई पात्रहरुको उपयुक्त संयोजनबाट राम्रा उपन्यास सिर्जना गर्न उनी सफल छन् । भट्टराई साहित्य सिर्जनामा हर हमेसा खट्ने ऊर्जा भएका हस्ताक्षर हुन् । साहित्य लेखनमा डुब्ने लेखकहरु खाली बस्न सक्दैनन् । केही न केही लेखिरहेका  हुन्छन् । उपन्यासकार भट्टराईको लेखन अगाडि बढ्दै जाओस् । आउँदा दिनमा अरु सङ्ग्रह जन्मन सकोस् भन्न चाहन्छु ।

उपन्यासकार: हरि भट्टराई
कृति: प्रेम शिला (उपन्यास), प्रकाशक: शिला बुक्स

**सत्यतथ्य र ताजा समाचारका लागि**

www.sandhyakalin.com पढौं र

**लेख, रचना, समाचार र बिज्ञापन पठाएर सहयोग गरौं ।**




सम्पादक/प्रकाशक : राजन कार्की
Editor/Publisher : Rajan Karki

| | | |
|---|---|---|
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | उत्तम राज |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np

## सम्पादकीय

# महाभियोगको ब्रम्हास्त्र

तत्कालीन अख्तियार प्रमुख लोकमान सिंह कार्की हुन् कि प्रधानन्यायाधीश सुशीला कार्की अथवा चोलेन्द्र शमशेर जबरा, सबैलाई महाभियोगको ब्रम्हास्त्रको राप र तापले डढाइयो । यसपूर्व प्रधानमन्त्री छँदा झण्डै ५ दर्जन संवैधानिक र विशिष्ट पदाधिकारीको मुद्दाको फैसला आफू अनुकूल होस् भनेर वर्तमान प्रधानमन्त्री केपी ओलीले वर्तमान प्रधानन्यायाधीश प्रकाशमान सिंह र ाउतमाथि पनि दबाब दिइएको चर्चा व्यापक थियो । अहिले सत्तारुढ एमाले र कांग्रेस पार्टीले आफ्ना सांसदहरुलाई खाली कागजमा सही गराएको र संसदमै उपसभामुख इन्दिरा रानालाई महाभियोग लगाउने चर्चाले सडकदेखि संसदसम्म र निकै चर्काचर्की चलेको छ । उपसभामुख इन्दिरा राना जनजातिकी हुन्, जेलमा परेकाहरुको बालबालिकाको हेरचाहमा जीवन खर्चेर बसेकी र यही कामका लागि विश्वले उनलाई चिनेको र पुरस्कृत गरिरहेकी महिला पनि हुन् । हालै अमेरिकामा समेत उनलाई सम्मानित गरिएको छ । उनलाई अमेरिकी दूतावासमा केही व्यक्तिलाई छिटो भिसा अन्तर्वार्ताको समय मिलाइदिन संसदको लेटरप्याट प्रयोग गरेको आरोप छ । यही पत्रलाई आधार मानेर सत्तारुढ दलले उनीमाथि मानव बेचबिखनको गम्भीर आरोप लगाएको छ । यसअघि पनि उनलाई यही आरोप लगाइयो र लामो बहस चलेको थियो, पछि यो विषय सामसुम भएको थियो, अहिले पुनर्ताजगीकरण गरिएको छ । स्मरणीय छ, त्यो पत्रको आधारमा अमेरिकी दूतावासले कसैलाई भिसा दिएको थिएन, उपसभामुखले मानव बेचबिखन गरेको कुनै प्रमाण पनि छैन । उनलाई लखेट्नु र उनीमाथि महाभियोग लगाउनुको एउटै कारण उनी राष्ट्रिय स्वतन्त्र पार्टीकी हुन्, संवैधानिक परिषदमा उनकै कारण सरकार अल्पमतमा छ र मनलागी निर्णय गर्न पाइरहेको छैन । उनलाई हटाएर कांग्रेस अथवा एमालेको व्यक्ति उपसभामुख बनाइए सरकारलाई सहज हुनेछ ।

स्मरणीय छ, कांग्रेस, एमालेले नियुक्त गरेका केही राजदूतहरुले मानव बेचबिखन गरेका छन् । गृहमन्त्री नै पनि मानव बेचबिखनमा डामिएका छन् । प्रधानमन्त्रीको हालैको स्पेन भ्रमणमा पनि मानव बेचबिखनको मामिला उठेको छ । भुटानी शरणार्थी बनाएर नेपाली नागरिकलाई बेचबिखन गरिएको विषय पनि छ । तर यतिबेला उपसभामुखमाथि त्यो ब्रम्हास्त्र तेर्स्याइएको छ । राज्य सञ्चालकले अलिकति स्वार्थमा धक्का लाग्यो अथवा आफूखुशी निर्णय गर्नुपऱ्यो भने महाभियोग लगाइदिने भनेर तर्साउने गरिएको छ । महाभियोग राजनीतिले गर्ने अपराधिकरणको राम्रो औजार बनेको छ । संसदको दुई तिहाईले महाभियोग लगाउन सक्ने र पद्च्यूत गर्नसक्ने संवैधानिक प्रावधानको दुरुपयोग हुँदै जानुले पनि संविधान असफल हुनपुगेको छ । यसरी सरकार विरुद्ध जाने जो कोहीलाई प्रतिषोध साध्ने र आफू अनुकूल परिस्थिति निर्माण गरेर जेमन्त गर्ने तौरतरिकाले गर्दा लोकतान्त्रिक गणतन्त्रले बाटो बिराउँदै गएको छ । लोकतन्त्र भनेको नीति, विधि र नैतिकताले चल्ने व्यवस्था हो, ती कुनै पनि तरिका कुल्चदै जानुले राजनीतिक नेताहरु यो पद्धति चलाउन असक्षम छन् भन्ने प्रमाणित गरेको छ । त्यसै अमेरिकाले नेपालमाथि फ्रडको आरोप लगाएका होइन । कैयौं मित्रराष्ट्रहरुले नेपाल भनेको मानव बेचबिखन गर्ने मुलुक हो भन्ने सोच बनाइसकेका छन् । विश्वअर्थतन्त्रमा नेपाल ग्रेलिष्टमा पर्नु पनि शासक प्रशासकहरुको गैह्रजिम्मेवारीले हो ।

आफ्नालाई च्याप्ने र योग्यलाई पन्छाउने प्रवृत्ति विकसित भइसकेको छ, यहीकारण युवाहरु देशमा बस्न नचाहेर, नसकेर विदेश पलायन भइरहेका छन् । यो होडबाजीले देश बुढा र बालबालिका बस्ने मुलुक बनेको छ । नीति, नियम र कानुनको प्रयोग गरेर सुशासन गर्न छाडेर लोकतन्त्रलाई बाहुबलीतन्त्र बनाएकाहरुका लागि महाभियोग ब्रम्हास्त्र बन्नु दुर्भाग्यजनक छ ।

# नेपाल आमाको सतित्व र अस्तित्व खतरामा




सन २०१५ मा भारत र चीनले नेपालको लिपुलेकबाट व्यापार गर्न सहमति गरेका थिए, नेपालले असन्तुष्टि जनायो, चीन, भारतले वास्ता गरेनन् ।

सन २०२५ अर्थात भर्खर चीन र भारतका परराष्ट्रमन्त्रीले नेपालको लिपुलेकसहित सिप्क र नाथुला नाकाबाट व्यापार र आवागमन सहज बनाउने सहमति गरेका छन् । नेपालको लिपुलेकका सम्बन्धमा भारतले आफ्नो दावी गरेको छ । नेपालकै हो भनेर नागरिक, संसदमा समेत एकमत देखिएको छ र यो विषयमा नेपाल सरकारले भारत र चीनलाई कूटनीतिक नोट पठाएको छ ।

स्मरणीय छ, यसअघि नेपालले ४ पल्ट कूटनीतिक नोट पठाएको थियो, भारतले कुनै जवाफ नै दिएको छैन, यसपल्ट पनि नेपालले विरोध त गऱ्यो, भारतले जवाफ दिन्छ भन्न सकिन्न ।

यसको अर्थ एउटै हुन्छ, नेपालको कूटनीतिक क्षमतामा ह्रास आएको छ । नेपालले न त अन्तर्राष्ट्रिय मञ्चहरुमा लविङ गरेर यो मुद्दा उठाउन सक्छ, न त अन्तर्राष्ट्रिय अदालत नै जान सक्छ । लिपुलेक, लिम्पियाधुरा, कालापानी क्षेत्र नेपालका हुन्, प्रमाण नेपालसँग छ तर यसको हकभोग भारतले गर्दै आएको छ । नेपाली भूमिमा भारतीय दादागिरी, लूटलाई नेपालले रोक्नसक्ने क्षमता नेपालसँग देखिएको छैन ।

सम्पूर्ण नेपाली एक छन्, राजनीतिक पार्टीहरु पनि एक छन् । संविधानमा ती क्षेत्र समेटिएका छन् । तर हकभोग भारतको छ । नेपालको सार्वभौमिकतामाथिको यो ठाडो हस्तक्षेपलाई रोक्ने कसरी, विशेष प्रस्ताव लगेर संसदमा छलफल गर्नुपर्छ, अस्तित्वरक्षाका लागि सबै एक भएर जुट्नुपर्छ । अन्यथा नेपाल यसैगरी मैनबत्ती पग्लेजसरी समाप्त हुनबेर छैन । सबैमा हेक्का रहोस् ।

अर्को हप्ता चीनको एससीओ बैठकमा नेपालका प्रधानमन्त्री सहभागी हुनेछन् । त्यो बैठकमा भारतका प्रधानमन्त्री र चीनका राष्ट्रपति सी चिनफिङको समेत सहभागिता हुनेछ । त्यो बैठकको साइडलाइनमा नेपालले आफ्नो सीमा मिचिएको र आफ्नो सीमाका विषयमा कुरा उठाउन सक्नेछ । यसका लागि नेपालका राजनीतिक दलहरुले एकताको शक्ति दिएका छन् । लोकतन्त्र आएपछि संसदमा कांग्रेस कम्युनिष्टहरुको हालीमुहाली चल्यो । चलिरहेको छ । तर नेपालको सम्मान, इज्जत खस्कदै गएको छ ।

कांग्रेस, कम्युनिष्ट दुबैथरिले आफ्नै देशका वीरहरु, राष्ट्रनिर्मातालाई शिरमा राख्न सकेनन् । यिनका आदरणीय महात्मा गान्धी, माओ, मार्क्स, लेनिनका फोटोबाट उर्जा हासिल गर्छौं भन्नेहरु पुँजीवादी राजनीतिक अपराधिकरणको तमासा देखाइरहेका छन् । यथार्थमा नेपालमा समाजवादी र सर्वहारावादी नै छैनन्, जो छन् अवसरवादीमात्र छन् भन्ने विश्लेषण पनि भइरहेको छ । तथापि भुइँमान्छे र सर्वहाराको चर्का नारा लगाएर भ्रमित पार्ने र सत्तामा राजकाज चलाइरहने मुखण्डोधारीहरु आफ्नो स्वार्थन्धताको लक्ष्यमा सफल छन् ।

यिनलाई आफ्नो चिन्ता छ, पुस्ताको चिन्ता छैन । यिनलाई स्वार्थको चिन्ता छ, देशको चिन्ता छैन । स्याल आयो, स्याल आयो भनेर चिच्याउने र मौका पाउनासाथ जनताको हक चोर्ने यिनको आदत बनिसकेको छ । मेक्सिम गोर्कीले आमाको महत्व लेखे । नेपाली कांग्रेस र कम्युनिष्टहरुले नेपाल आमालाई बेचिरहेका छन्, अपमानित गरिरहेका छन् । यसकारण, प्रश्न यत्ति छ, यो लोकतन्त्रमा छट्टु चटक, तमासा कहिलेसम्म ?

कवाडी पसलमा काम गर्न पुगेका मेक्सिम गोर्कीले पढ्न पाएनन् । कवाडीमा बिक्री भएर आएका पुस्तक पढ्थे र ग्राहकसँग पुस्तकका विषयमा सोध्थे । तिनै मेक्सिम गोर्कीले आमा पुस्तक लेखे । जुन पुस्तक १९०६ मा प्रकाशित भएको थियो, आज १ सय १५ वर्षपछि पनि त्यो पुस्तकको गरिमा र महिमा कम भएको छैन । कम्युनिष्टहरु गोर्कीलाई आदर्श मान्छन् । नेपाली कांग्रेस र कम्युनिष्टहरु सत्ता, शक्ति र सम्पत्तिलाई महत्व दिएर झिङ्गा बनिरहेका छन् । लोकतन्त्र कम्युनिष्टको चङ्खपन र समाजवाद भन्नेहरुको त्यही चङ्खपनमा लठ्ठिदा नासवान बन्दैछ ।

समाजवाद, प्रजातन्त्र, सर्वहाराको न्यायका लागि, राष्ट्राधिकारकालागि जनयुद्ध धर्मयुद्ध भनियो । १७ हजारको बली चढाइयो । बरदान लिए प्रचण्ड ग्याङ्ले । लाभ पायो कांग्रेसजनले । प्रचण्ड तेजवान सूर्यजस्ता थिए, १८ वर्ष राजनीतिको किङपिन बने, १२ वर्ष सत्तामा साझेदार भएर अहिले निस्तेज बन्न पुगेका छन् । अहिले भन्न थालेका छन्- राजनीति छोडुँ छोडुँ लाग्छ, छोड्दा सबै सखाप हुने चिन्ता छ । अर्थात् नेपालको लोकतान्त्रिक गणतन्त्रको मूल थाम मै हुँ भन्छन् प्रचण्ड । यो कुरा कसैले पत्याएका छैनन् । विश्लेषक भन्छन्- हुटीट्याउँले आकाश थामेको गफ हो यो ।

परिवर्तनपछि झन झन लुटिएका नागरिक दुखित छन्, मूल्य चुकाइरहेका छन् । देश संकटमा परिसक्यो, देश अतिक्रमणमा परिसक्यो । भूराजनीतिको भूमरीमा यिनैले फसाए, कसरी निस्कने अन्यौलता बढेको छ । कांग्रेस नाममात्रको प्रजातन्त्रवादी, कांग्रेसको प्रजातन्त्रको बिडा उठाएको दावीमा दम देखिन छाडेको छ । एमाले नाममात्रको कम्युनिष्ट, गोलीजस्ता ओली, राष्ट्रवादमा टेकेर निकै अग्लिए । लिपुलेक मिचिएपछि फेरि उनको अग्नि परीक्षा सुरु भएको छ । त्यसो त ओलीप्रति उनकै पार्टीभित्र अपमान भइरहेको छ, सडकमा बिरोध छ । उनलाई प्रतिषोधकारीको दाग लागेको छ । यसकारण सत्तामा बाँचेको एमाले जनताको घृणामा मरिरहेको छ । लोकतन्त्रको गद्दीमा बसेर सनकमा, स्वार्थमा, प्रतिषोधमा चलाएको शासन कति दिन चल्ला ?

लोकतन्त्रको यस्तो मृत्युमा कांग्रेस मलामी गइरहेको छ । सवाल नयाँ नेपाल बनाउँछु भन्ने कांग्रेस, कम्युनिष्टको छ, जसले देश र जनतालाई धोका दिए । जनयुद्ध र जनआन्दोलन छलकारा थियो, प्रचण्ड, ओलीहरु त हलकारामात्र रहेछन् । जतिसुकै सर्वहाराको भाषण गरे पनि, बोल्सेविक क्रान्तिको डिङ हाँके पनि २०६३, २०६५ को जनआन्दोलन र गणतन्त्र घोषणा धर्मयुद्ध थिएन । १९०३ को कोतपर्व र यो परिवर्तनमा कुनै भिन्नता थिएन । यी आफै श्री ६ बने, मनपर्दी शासन चलाए । २०६३ को परिवर्तन र २०६५ को गणतन्त्र पनि देश र जनताका लागि होइन रहेछ भन्ने प्रमाणित भइसक्यो । कांग्रेस भ्रष्टाचारमा डुब्दा, नीति, विधि र चरित्रहीन बन्दा लोकतन्त्र सराप बन्नपुगेको छ ।

समाज बदल्ने धर्मयुद्ध लड्न अर्कै आँट, अर्कै हौसला, माटोप्रतिको मायाँ र देशप्रतिको गौरव चाहिन्छ । ठूलै छाती, ठूलै त्याग, बलिदान हुने जोश र तातो मुटु चाहिन्छ । आजका हाम्रा नेताहरुमा स्वार्थमात्र छ । स्वार्थीहरु कायर हुन्छन्, कायरहरु पल पल मर्छन् र मरेपछि कलंक बन्छन् । जनयुद्ध र जनआन्दोलनको आगोमा खारिएर निस्केका नेताहरु त देशका, जनताका गहना हुनुपर्ने हो, फलामको सुइरो बनेर घोचिरहेका छन् । जसले हरेक क्षण देश र जनताको घाँटी रेटिरहेको छ । धर्म राजनीतिमा पनि हुन्छ । प्रतिबद्धता र सिद्धान्त हुन्छ, सिद्धान्तप्रति निष्ठा हुन्छ । हाम्रा नेता त राजनीतिलाई व्यापार बनाएर पार्टीको हाटबजारको पसल बनाइरहेका छन् । यसैले त राजनीतिमा लाग्नेहरु दिनदिनै धनी भइरहेका छन्, सर्वहारा र गरीवहरु झन झन पीडावोध गरिरहेका छन् । देश लुटिने क्रम तीब्र छ ।

इतिहासका अनुसार राष्ट्रिय स्वाभिमानका लागि केजर बिलियम्सको जस्तो धर्मयुद्ध लड्ने ताकत चटके र उखानेहरुमा हुन्न, नेपाली राजनीति यही महारोगबाट ग्रस्त छ । कूशासनको पहिलो कारण निष्ठा र नैतिकहीनता हो । इमान नभएकाले भ्रष्टाचार बढेर गएको छ । भ्रष्टाचार भनेको मृत्यु हो, समृद्ध नेपाल र सुखी नेपालीको रामनाम जपेर मृत्युबाट पार पाउन सकिन्न । ओखती इमान हो, इमानको खोज भएन । परिवर्तनकारी नेतृत्व हरेक दिन राजनीतिक मृत्यु मरिरहेको छ । वर्तमान नेपाल लोकतन्त्र नामको मृत्यु मरिरहेको छ ।

राजनीतिकै कारण चोरलाई चौतारो, साधुलाई सुली भइरहेछ । लोकतन्त्रमा देखिएको दृश्य, भोगिएको भोगाइ हो । कानुन छ काम गर्दैन्, संविधान छ समाधान छैन । शासन छ शास्ती छ, प्रशासन छ अनियमितताको दलदलमा फसेको छ । राजनीति छ व्यापार गरिरहेछ । नीति छ नैतिकता छैन । नेपाली हुँ भन्ने गौरव कुनै नेतामा देखिन्न । लोकतन्त्रमा नेतातन्त्र चलिरहेको छ ।

जनजीवनमा लोकतन्त्र छैन । लोकमा लोकतन्त्र जिन्दावाद छैन । लोक नदेखिने लोकतन्त्र लखनौको भुलभुलैयाजस्तो बनेको छ । देश दुःखेको, जनता बेसहारा भएको, अभिभावकहीनताप्रति चिन्ता छ । चिन्ता गर्नेहरु सडकमा छन् । बिद्रोह भइरहेको छ । लुटेराहरु बिद्रोहीमाथि राज्यशक्तिले दमन गरिरहेको छ । दमनतन्त्र चर्केको छ ।

राष्ट्रनिर्माताका सन्तान भन्छन्- 'सिंगो नेपाल राष्ट्रका निर्माणकर्ता बडामहाराजाधिराज पृथ्वीनारायण शाहको वंशवृक्ष, प्रजातन्त्रदाता श्री ५ त्रिभुवनको पौत्र र नेपाली राष्ट्रवादका पृष्ठपोषक र ाजा महेन्द्रको मध्यम पुत्र एवं विकास चिन्तक राजा वीरेन्द्रका भ्राताका रुपमा हाम्रो मातृभूमि नेपालमा म पैदा भएँ । सदा शान्त, सौम्य, सुन्दर यो गौरवशाली स्वाधीन नेपाल राष्ट्रमा जन्मन पाएको, यहाँकै माटोमा हुर्कन पाएको र यहींको धर्तीको सेवामा जुट्न रम्न पाएकोमा म आफूलाई भाग्यशाली ठान्दछु । म नेपालको भक्त हुँ । देशभक्ति मेरो रक्त कण कणमा प्रवाहित छ । ...भूकम्प...बाढी पैह्रोको प्रकोपले धेरै जनधनको क्षति भएकोमा मलाई दुःखी तुल्याएको छ ।' देशको चिन्ता गर्ने र ाजालाई जेल हाल्नुपर्छ भन्ने कुरा गर्छन् । देश लथालिङ्ग हुँदै गएको र जनता बिल्लिबाठमा परेको बेलामा केही गर्न नसक्ने, प्रतिषोधको बोली बोल्दा अस्थिरता झन बढेर जाँदो छ । राजनीतिक स्थिरता, शान्ति र समृद्धि सपना बन्यो ।

जनताले तिरेको करको दुरुपयोग भइरहेको छ । जनताको काँधमा ७ सय ६१ सरकार चलाउने र तिनका कार्यकर्ता पाल्नुपर्ने जिम्मेवारी छ । राष्ट्रको जिम्मेवारी बोकेका राजनीतिक बर्गहरु कर्तव्यच्यूत भइरहेका छन् । राष्ट्रको भण्डारे बनेका राजनीति र प्रशासनका नाइकेहरु सेटिङ गर्दै राष्ट्रिय ढुकुटी लुटिरहेका छन् । जनताप्रतिको सामान्य कर्तव्यसमेत यिनले पालना गरिरहेका छैनन् । जनताको आक्राश व्यवस्था बदलिने, अवस्था नबदलिने किन ? यसको जवाफ नेतृत्व दिनसक्दैन । गफ हाँकेर लोकतन्त्रे नामधारी नेताहरु लोकलाई डसिरहेका छन् ।

यसकारण लोकतान्त्रिक गणतन्त्रमा नेपाल झन बिकराल समस्याले जेलिन थालेको छ । राष्ट्रको अस्तित्वको संकटमा फस्न पुगेको छ ।

राजा जनता बने, नेताहरु बादशाह । राजा जनतामा अनुवाद भए, जो परिवर्तन लिएर आए, उनीहरु परिवर्तित हुनसकेनन् । राजनीति र राजनीतिक नेताले विवेक गुमाए । विवेक हराएपछि कूशासनमात्र हुन्छ । मुलुकी बन्दोबस्त बिग्रेको छ । बिगार्ने नेताहरु लोकतन्त्रको डम्फु बजाइरहेछन् ।

लोकतान्त्रिक गणतन्त्र नेताहरुका लागि नङ्गा नाचे हजार दाउ बन्यो ।



# कुशे औंसी पीढीगत सम्बन्धको जीवित सेतु



रमेश कुमार बोहोरा



हाम्रा सांस्कृतिक पर्वहरूलाई नजिकबाट नियाल्दा प्रष्ट बुझ्न सकिन्छ कि तिनीहरू केवल धार्मिक अनुष्ठान वा कर्मकाण्डमा सीमित छैनन् । तिनीहरूले परिवार, समाज, मूल्य, अनुशासन, परम्परा र सामूहिक चेतनाको अदृश्य धागोलाई मजबुत बनाउन महत्त्वपूर्ण भूमिका खेलेका छन् । कुशे औंसी अर्थात् बुबाको मुख हेर्ने दिन जसलाई पितृ औंसी पनि भनिन्छ । भाद्र कृष्ण औंसीका दिन मनाइने यो पर्व हिन्दू धर्मशास्त्रमा पितृ श्राद्ध र बुबाप्रतिको कृतज्ञता व्यक्त गर्ने अवसरका रूपमा चित्रण गरिएको छ । यो दिन अमावस्याको रात अर्थात चन्द्रमाको पूर्ण अभावको क्षणसँग गाँसिएको छ जसलाई अध्यात्मले 'नयाँ चक्रको सुरुआत' का रूपमा लिन्छ । भगवान् विष्णुको रूपमा कुशलाई घरमा भित्र्याउने, शुद्धता कायम गर्ने, पितृलाई सम्झेर तर्पण गर्ने र बुबाप्रति कृतज्ञता प्रकट गर्ने परम्पराले यस पर्वलाई धार्मिक, सामाजिक र भावनात्मक तीनै तहमा विशेष बनाएको छ ।

कुशे औंसीलाई नजिकबाट हेर्दा प्रष्ट हुन्छ कि यो केवल धार्मिक अभ्यासको सीमाभित्र मात्र सीमित छैन । यो पर्वले पिताप्रतिको श्रद्धा र स्मरणलाई केन्द्रमा राख्दै परिवारलाई एकताबद्ध बनाउने समाजशास्त्रीय भूमिका पनि खेलेको छ । आमाबुबा जीवनका पहिलो शिक्षक, संरक्षक र मार्गदर्शक हुन् । उहाँहरुको योगदान बिना सन्तानको अस्तित्वको कल्पना गर्न सकिँदैन । यही कारण नेपाली समाजमा आमाबुबालाई देवताको स्थान दिइएको छ । बुबाको मुख हेर्ने दिनले सन्तानलाई आफ्ना बुबाको अनुहार अवलोकन गर्ने, फूलमाला अर्पण गर्ने, मिठा खानेकुरा चढाउने र आशीर्वाद लिन दिने परम्परालाई जीवन्त बनाएको छ ।

दिवंगत बुबाका सन्तानका लागि यो दिन अझ संवेदनशील र भावनात्मक हुन्छ । परम्पराअनुसार पितृ औंसीमा गोकर्णेश्वर, बागमती वा अन्य तीर्थस्थलमा गई पितृ तर्पण गर्ने चलन छ । श्राद्ध गरेर पितृ आत्माको शान्ति कामना गर्ने अभ्यास धार्मिक मात्र नभई सामाजिक दृष्टिले मृतकप्रतिको कृतज्ञता र स्मरण हो । हिन्दू संस्कृतिमा मृतकलाई बिर्सनु कमजोरी मानिन्छ । त्यसैले श्राद्धजस्ता परम्पराले मृतकलाई निरन्तर सम्झाउने, उनीहरूको योगदानलाई जीवन्त राख्ने र आत्माको शान्ति खोज्ने अभ्यासलाई निरन्तरता दिएका छन् । यही कारण गोकर्णेश्वरलाई "नेपाली गया" भनिन्छ जहाँ हरेक वर्ष हजारौं श्रद्धालु जम्मा भएर पितृलाई जल अर्पण गर्छन् ।

इतिहासका पानामा हेर्दा पितृपूजाको परम्परा अत्यन्तै प्राचीन छ । ऋग्वेददेखि महाभारतसम्म पितृदेवतालाई सम्मान गरिएको उल्लेख पाइन्छ । महाभारतमा युधिष्ठिरले पितृ तर्पण नगरेसम्म शान्ति नपाएको कथनले यसको गहिरो महत्त्व प्रस्ट्याउँछ । हिन्दू धर्ममा पितृलाई देवताभन्दा कम मानिँदैन । पितृ प्रसन्न भए देवता पनि प्रसन्न हुने विश्वास अटल रूपमा कायम छ । यस आधारमा पितृ औंसीलाई केवल धार्मिक अनुष्ठान नभई पीढीगत सम्बन्धलाई जोड्ने सामाजिक सेतुका रूपमा बुझ्न सकिन्छ ।

समाजशास्त्रीय दृष्टिले कुशे औंसीको महत्त्व संयुक्त परिवार प्रणालीको उत्कर्षकालमा अझै प्रस्ट देखिन्थ्यो । दाजुभाइ, दिदीबहिनी, नातागोता सबै बुबाको मुख हेर्न वा पितृ श्राद्ध गर्न एउटै स्थानमा भेला हुने परम्पराले सम्बन्धलाई मजबुत बनाएको थियो । त्यो अवसर परिवारलाई मात्र होइन सम्पूर्ण समुदायलाई पनि जोड्ने माध्यम बन्ने गर्दथ्यो । आज संयुक्त परिवार कमजोर बन्दै गएको छ वैदेशिक रोजगारीले छोराछोरीलाई टाढा पुर्‍याएको छ तर प्रविधिको प्रयोगमार्फत भिडियो कल वा सामाजिक सञ्जालमार्फत पनि यस पर्वलाई निरन्तरता दिइनु यसको जीवन्तताको प्रमाण हो । कुशे औंसीलाई आधुनिकीकरणले नयाँ आयाम पनि दिएको छ । विगतमा छोराहरू मात्र सहभागी हुने परम्परा भए पनि अहिले छोरीहरूले पनि समान अधिकारका साथ बुबाप्रति श्रद्धा प्रकट गर्ने अभ्यास सुरु गरेका छन् । यसले लिङ्ग समानताको चेतनालाई बलियो बनाएको छ । आधुनिक समाजशास्त्रीका अनुसार बुबा-छोरी सम्बन्धलाई सार्वजनिक रूपमा सम्मानित गर्ने यो अभ्यासले पितृपूजाको अवधारणालाई समावेशी बनाएको छ ।

तर आलोचनात्मक दृष्टिले हेर्दा आधुनिक पुस्ता विशेषत: शहरी युवापुस्ताले यस्ता परम्पराप्रति उदासीनता देखाएका छन् । व्यावसायिक व्यस्तता, आधुनिक जीवनशैली र धार्मिक चेतनामा आएको खुकुलोपनले बुबाको मुख हेर्ने दिनलाई केवल छुट्टी वा सामाजिक सञ्जालमा शुभकामना पोस्ट गर्ने अवसरका रूपमा सीमित गरेको छ । धेरै युवाले कुशे औंसीलाई "फादर्स डे" को नेपाली संस्करण मात्र ठान्ने गरेका छन् । तर वास्तवमा यो दिन आध्यात्मिक अभ्यास, पितृ स्मरण र सामाजिक कर्तव्यसँग गहिरो सम्बन्ध राख्छ । धार्मिक समाजशास्त्रीहरूको भनाइमा "फादर्स डे" व्यक्तिगत सम्बन्धमा केन्द्रित हुन्छ भने कुशे औंसीले जीवित मात्र होइन, दिवंगत बुबाप्रति पनि श्रद्धा प्रकट गर्ने फरक चेतना बोकेको छ ।

यस दिन दान-पुण्यको अभ्यास पनि महत्त्वपूर्ण मानिन्छ । बुबाको मुख हेरेर मात्र नभई पितृको नाममा गरिने दानले समाजमा सहयोग र परोपकारको संस्कारलाई मजबुत बनाउँछ । कतिपय ठाउँमा ब्राह्मणलाई अन्नदान गर्ने, गरिबलाई भोजन वा कपडा वितरण गर्ने चलन अझै प्रचलित छ । यसरी कुशे औंसी व्यक्तिगत परिवारसम्म सीमित नभई सामूहिक सामाजिक उत्तरदायित्वलाई बलियो बनाउने पर्व बनेको छ ।

गोकर्णेश्वर क्षेत्रमा कुशे औंसीका दिन लाखौं भक्तजनको भीड लाग्छ । तीर्थयात्रीहरूको बढ्दो संख्या आफैंमा प्रमाण हो कि आधुनिकता र प्रविधिको युगमा पनि मानिसहरू आफ्ना परम्परासँग जोडिन चाहन्छन् । तर भीड व्यवस्थापनमा सरकारी असक्षमता, सरसफाइको अभाव, यातायात समस्या र धार्मिक स्थलमा व्यापारीकरण बढ्नुजस्ता गुनासा पनि उत्तिकै छन् । पितृश्राद्धजस्तो गम्भीर अभ्यासलाई असहज बनाउन यस्ता व्यवस्थापकीय कमजोरीहरू जिम्मेवार छन् ।

भावनात्मक दृष्टिले पनि यो पर्व गहिरो छ । दिवंगत बुबाका सन्तानका लागि यो दिन पीडादायी हुन्छ । बुबाको अभावले सन्तानलाई असहज बनाउँछ । तर श्राद्ध र पितृतर्पणले मृतकसँग आध्यात्मिक सम्बन्ध कायम राख्ने संस्कृतिले भावनात्मक सन्तुलन दिन्छ । धेरैले अनुभव गरेका छन्, श्राद्ध गरेर वा दान गरेर लाग्छ कि बुबा अझै वरिपरि हुनुहुन्छ । यसरी धार्मिक अभ्यासले मानिसलाई भावनात्मक राहत दिने, दु:खलाई सहने शक्ति दिने र जीवनलाई निरन्तरता दिने भूमिकासमेत खेलेको छ ।

राजनीतिक र सामाजिक दृष्टिले पनि कुशे औंसीको महत्त्व घट्दैन । नेपालमा लोकतन्त्र, गणतन्त्र, संघीयताजस्ता राजनीतिक व्यवस्थाले समाजको संरचना परिवर्तन गरे पनि धार्मिक र सांस्कृतिक अभ्यास निरन्तर रहँदै आएका छन् । यसले देखाउँछ कि राजनीतिक व्यवस्थाले परिवर्तन ल्याए पनि मौलिक परम्परालाई चुनौती दिन सकिँदैन । बरु यस्ता पर्वहरूले समाजलाई पहिचान, ऐक्यबद्धता र आत्मीयताको आधार दिन्छन् ।

विदेश पलायनको प्रभाव अझै गहिरो छ । लाखौं नेपाली विदेशमा काम र पढाइका लागि पुगे पनि बुबाको मुख हेर्ने दिनले उनीहरूलाई आफ्ना परिवार र देश सम्झाउने काम गर्छ । कतिपयले विदेशमै बसेर परिवारलाई फोन वा भिडियो कल गरेर बुबालाई शुभकामना दिन्छन् । यसरी कुशे औंसीले मानिसलाई आफ्नो संस्कृति र परिवारसँग जोडिराख्ने कार्य गरेको छ । समाजशास्त्रीहरूको निष्कर्ष स्पष्ट छ कि कुशे औंसी केवल धार्मिक पर्व होइन, यो समाजलाई पुर्खा र संस्कृतिसँग निरन्तर जोड्ने सांस्कृतिक सेतु हो । पत्रकारिताको दृष्टिले पनि पुष्टि हुन्छ कि यस पर्वले परिवार, समाज र संस्कृतिलाई एउटै धागोमा गाँसेको छ । परम्परागत मूल्य र आधुनिक चेतना दुबैलाई एकसाथ धानेर यो पर्वले समयानुकूल आफैंलाई पुन: परिभाषित गरेको छ ।

बुबाको मुख हेर्ने दिन वा कुशे औंसी केवल एकदिनको अनुष्ठान होइन यो पीढीगत सम्बन्धको जीवित प्रतीक हो । बुबाको अनुहार हेर्ने, उनको आशीर्वाद लिने, पितृलाई स्मरण गर्ने र श्राद्ध गर्ने परम्परा धार्मिक आस्थासँगै सामाजिक मूल्य र भावनात्मक सम्बन्धको अभिव्यक्ति हो । यसले मानिसलाई परिवारको महत्व बुझाउने र पुर्खाप्रतिको कृतज्ञता प्रकट गर्ने प्रेरणा दिन्छ । यही कारण आजको युगमा पनि यस पर्वको महत्व झन् बढेको छ । यसलाई टिकाइराख्न युवापुस्तालाई यसको वास्तविक महत्व बुझाउनु, व्यापारीकरण र औपचारिकताबाट जोगाउनु र सामूहिक उत्तरदायित्वसँग जोड्नु अपरिहार्य छ । यदि यसलाई केवल छुट्टी वा सामाजिक सञ्जालमा सीमित गरियो भने यसको मौलिकता हराउनेछ । तर जीवनशैलीमै आत्मसात गर्न सकियो भने यो पर्व वर्तमान मात्र होइन भावी पुस्तामा पनि जीवित रहनेछ ।

(लेखक- सकृय पत्राकर र पत्रकार महासंघ काठमाडौंका सचिव हुनुहुन्छ )




# भारतले किन लज्जावोध गर्दैन ?



गणेशबहादुर ढुङ्गाना

(२)

त्यसैबेलादेखि यस भेगमा आत्मनिर्णयको अधिकार राज्यको आन्तरिक अक्षुण्ण हकदैयामा नरहेर जनसंख्या, जाति, भाषा, धर्म, भूगोल तथा मानसिक सामिप्यताका आधारमा राज्य बिभाजनको विषय बन्नपुग्यो । यसबेला कारणवश पाकिस्तानमा जान नपाएको काश्मिर जनसंख्या, जाति, धर्म, भाषा तथा आत्मीयताका अधारमा आत्मनिर्णयको अधिकारका लागि वर्षौंदेखि युद्धरत छन् । राष्ट्रसंघले पनि काश्मिरी जनताको आत्मनिर्णयको अधिकारलाई अनुमोदन गरिसकेको छ तर भारत सरकारले निरन्तर इन्कार गरिरहेको छ । किनभने उसले आफ्नो बनाइसकेका प्रान्तहरूलाई आत्मनिर्णयको अधिकार दियो भने काश्मीर मात्र होइन अरुजातिवादी प्रान्तहरूपनि बिखण्डनमा जान्छन् । यसैले भारतले काश्मिरमात्र होइन, कुनै पनि प्रान्तलाई आत्मनिर्णयको अधिकार दिएको छैन । अमेरिकाले पनि सबै राज्यहरूलाई आन्तरिक निर्णयका पूरा अधिकार दिएको छ, छुट्ने आत्मनिर्णयको अधिकार दिएको छैन । विश्वमै यस्तो उदाहरण कतै छैन, नेपाललाई मात्र अपवाद बनाउन किन खोजेका हुन् नेपाल-भारत अनौपचारिक मतियार संयुक्त कार्य दलले ?

कुनै पनि देशको स्वाधीनताको मूल्य भनेको त्यस देशका जनताको निरन्तर सजगता (ख्नर्षभिलअभ) नै हो । तर त्यसको विपरित आज नेपाल राष्ट्रको घोर चिन्ताको विषय भनेको बिभाजित सामाजिक तथा मानसिक मनोदशा नै हो । कोही निराश अवस्थामा पुगेर अचेत मोहनिन्द्रामा सुतिरहेका छन्, उनीहरू कसैले कुटोस्-काटोस्-लुटोस्, भाला रोपोस्, ऐया पनि भन्दैनन् । देश बाहिरका बैरीले खाए पनि, भित्रै खलनायकले भीरबाट लडाएर मारे पनि उनीहरूलाई पर्वाह छैन । निस्कृय जीवन वा पलायन दुईमध्ये एक बाटो रोज्न उनीहरू बाध्य भएका छन् । दोश्रो जनसंख्या भय, त्रस्त भएर दम रोकेर लुकिछिपी रहेका छन् । राजादेखि रङ्कसम्मको प्रतीकात्मक, बिभत्स, भयावह अज्ञात मृत्युवरण देखेर ठूलो मानसिक आघातमा मुर्छित भई लडेका छन् । अर्को तेश्रो र अन्तिम तप्कामा 'मालिक'लाई पनि हुने, आफूलाई पनि हुने, आज्ञाको पालना गर्ने निगाहबाट आएको (पद वा पैसा) खाने सिद्धान्तअनुरुप सहकार्यमा बुर्कुसी मारिरहेको, मालामाल बनिरहेको छ, देश तहसनहस बनाइरहेको छ ।

आज यिनै तीन विशिष्ट प्रतिकूल परिवेशमा विभिन्न नेपाल लुट्ने सूत्र बनाएर लागूगरिरहेका छन् बाहिरी बैरीहरूले । जुन सूत्रमध्ये क्रमस: आउँदछन्-करकापमा र प्रलोभनमा पारेर गरेका सबै असमान सन्धि-सम्झौताहरू । दोश्रोमा पर्दछन् शक्तिको प्रयोग गरेर खडा गरेका कृतिम संस्था, शव्दावलङ्कारद्वारा गरेका दमन (क्राउचभककष्यल) तथा गैरकानुनी लूट (भ्हतयचकयल) हरू । लूटका क्रममा आउँदछन् असमान सन्धिहरू, १९५० को सन्धिदेखि बीच बीचका सबै सन्धिकरु- बिप्पा, पञ्चेश्वर, कोशी-कर्णाली हाईड्यामलगायत तमाम नदीनाला र अन्य प्रकट तथा गोप्य सम्झौताहरू समेत । दोश्रो तथा खतरनाक फर्मूलामा पर्दछन्- नेपालमा भारतीयलाई करोडौंको संख्यामा जबरजस्ती नागरिकता दिलाएर मौलिक नेपाली आदिवासी, अनादिवासी नेपालीलाई अल्पमतमा पारेर भारतीयद्वारा नेपाल खाने भारत सरकारको उदण्ड, अबैधानिक, बलात्कारी र अनैतिक कदमहरू जुन सर्वथा निन्दनीय, विद्रोहभागी तथा बदरभागी छन् । यसरी भारतीयहरू करोडौंको नेपाली नागरिकृत मधेसे बनाएपछि भारतले 'जिसका लाठी, उसका भैंस' को फर्मूला लगाएर गणतन्त्रवाद, समावेशीवाद, सहमतिवाद, निरन्तर नेपाली नागरिक प्राप्य अधिकार, जातीय प्रान्तवाद, दुई पक्षीय विवादमा जनमत संग्रहवाद, आत्मनिर्णयको अधिकारवाद, भारतीय मधेसियावाद, उत्तराखण्डे खस आर्य बाहुन, क्षेत्री निषेधवाद, कथित पहाडे, मधेसे, मंगोल, आदिवासी अनादिवासी जातीय विभाजनवाद, एक मधेस एक प्रदेशवाद, एक पहाड अनेक प्रान्तवाद, विभाजन तथा आन्तरिक सम्पदा लूटवाद, सशस्त्र मधेसे विद्रोहवाद, बिखण्डनवाद, उग्रवाद, अपहरणवादजस्ता र निरन्तर हस्तक्षेपवादलाई लागूगरेर नेपाललाई धरासायी गराउनु एकथरि नेपाली र भारतीयबीच एक सशक्त तथा सुसंगठित, दृढ-संकल्पित सञ्जाल (ल्भत(धयचप) तैयार गरिसकेको छ । जसले भारतलाई विश्वसमक्ष दिन दोब्बर रात चौब्बर नङ्ग्याएर राखिरकेको छ । यो कसैले भारतलाई सम्झाउनुपर्ने विषय होइन, सम्झेर, सम्हालिएर लज्जा ढाक्नुपर्ने विषय हो । चेतना भया ।

भारतले अब नेपाली बिचौला र नेपाली नागरिककृत भारतीय मेधसेको जनसंख्या मिलाउँदा नेपाललाई गोली (द्यगर्गिभत) ले हेइन मतपत्र (द्यबर्यित) द्वारा जित्न, लुट्न वा बिलयन गर्न सकिन्छ भन्ने दृढ विश्वास भइसकेको हुँदा हेटौंडा एमाओवादी महाधिवेशनद्वारा सशस्त्र क्रान्तिको बाटो परित्याग गराएर जनमत संग्रह तथा आत्मनिर्णयको बाटो अपनाउने स्पष्ट सन्देश नेपाली जनतालगायत विश्वसमक्ष नै पुर्‍याएको छ । भारतले जनमत संग्रहद्वारा सिक्किम खाएको र आत्मनिर्णयको अधिकार नदिएर काश्मीर बचाएको ज्वलन्त उदाहरणहरू छन् । एमाओवादी, मधेसे, नेपाली कांग्रेस, एमाले आफ्नै एक ड्याङ्का मूलाहरूलाई कहिले दुई, कहिले एक ड्याङ्मा सारेर पनि यी सबै कुरा छर्लङ्ग पारेको छ ।

आज हाम्रो मुलुक वादहरूको विवादमा अन्यौलग्रस्त भई फसेको छ । नेपालमा २००७ सालदेखि नै कम्युनिष्टहरूका मार्क्सवाद, लेनिनवाद, माओवाद सबै अन्धाका हात्तीको रुपमा आएका छन् । सग्लो रुपमा के हो कसैले देखाउन सकेन । त्यस्तै हालत पञ्च र प्रजातन्त्रवादी भन्नेहरूको पनि भयो । तर कम्युनिष्ट, पञ्च, प्रजातन्त्रवादीहरूले सग्लो रुपमा छर्लङ्ग देखेको र बत्तीमा पुतली मर्न गएझैं जाने ठेगान चैं एकमात्र 'राववाद' अथवा भारतीय विस्तारवादले खडा गरेको 'मौतका कुवा' मात्र भयो । जहाँ सबै जाँदै डुब्दै, मर्दै गर्दैछन् । भारतले छरेको मीठो मह खान कुदेका नेपाली लोभी झिंगाहरू त्यसैमा टाँस्सिएर मरिरहेका छन् । यस्तो लामो परिवेशमा निरन्तर झुक्किदै, फस्दै जाने नेपाली नेताहरू र यस्ता परिवन्दका खप्पीस रचयिता भारत सरकार समेत दुई पक्षीय मिलोमतोमा आज नेपालले आफ्नो मौलिक पहिचान, स्वाधीनता तथा अर्थतन्त्र गुमाइरहेको छ । नेपाल नेपालीहरू मात्रको मृत्युको थलो, अन्धकार क्षेत्र, बेरोजगार र विदेश पलायनको बिकल्परहीत त्याज्य मातृभूमि भएको छ । नेपाल आमाका छोराछोरीको विदेशमा आज जुन अनिश्चितता र चीरहरण, मृत्युवरणका कुरा छन्, तिनको उजागर गर्नु प्रत्येक नेपालीको मुटुमा छुरा धस्नु सरह असैह्य बेदनाग्रस्त उल्लेखन हुनजान्छ । आज नेपाल आमाको धुकधुकी वा प्राण कसैले बचाइराखेको छ भने न भारत सरकारले, न नेपाल सरकार, राजनीतिक दल वा नेताहरूले, त्यो प्राण बचाउने तत्व वा नेपाली अर्थ सञ्चयका माउरी भनेका तिनै विदेशीएका विवश नेपाल आमाका छोराछोरी हुन् जसले आफ्नो रगत, पसिना, देह, बुद्धि बेचेर कमाएको धन बित्प्रेषण वा रेमिटेन्स मार्फत नेपाल पठाएर खर्बौंको विदेशी मुद्रा बैंकमा जम्मा गरी नेपाललाई धानिराखेको हुँदा सरकारलाई मनपरी गरेर हिड्न सजिलो बनाइदिएका छन् । साथै राष्ट्र पनि बचेको छ । सो बाहेक नेपालको अर्थतन्त्र सबै निरन्तर घाटामा छ । यी आमा नेपालका जिवोत्पत्तिक (Biological) सन्तान जसले आज संसारभरि गैरआवाशीय नेपाली (Nepali Diaspora) को रुपमा मातृभूमिलाई बचाइरहेका छन् । तिनका भविष्यको सुरक्षाका लागि र राष्ट्रिय सुरक्षाका लागि समेत नेपाली नेतृत्लाई पटक्कै फिक्री छैन । सबै राष्ट्रहरूले आफ्नो बाहिरिएका डायस्पोरा नागरिकहरूलाई आफ्नै देशभित्र हकदैया, नागरिकता सुरक्षित राखिदिएको हुन्छ । (सामयिक विश्लेषण क्रमस....)

# n the Context of unveiling Chinese Children fairytales translated in Nepali for the children of Nepal - The exemplary btraslation attempt of Dr. Sarbottam Shrestha- The outstanding hilights of the program and critical analysis of the Fairytale impact in Nepal ( Part One )

**By Professor Uttam Karmacharya ,**
*Former Team Leader of the international Study on Rural Education, Nanjing University China 1999*

.

1. Firstly, I wish to express my long left and heartfelt congratulation to both of you for having a grand opening/ celebration of unveiling Children Fairytales book written by Mr. Liu Ti Hong, Auther and distinguished Guests from China and translated by Dr. Sarbottam Shrestha, Senior Neurologist amid huge gathering of students and teachers of SVI with a group of Chinese teachers and students from Guanzao China. I am so grateful for your kind invitation to attend in your grand book unveiling program. I am very excited to visit the SVI after longtime. I know the SVI since long time and the contributions of late founder Principal Respectable Laxman Rajbansi very well working together after the implementation of NESP 2072. We are very proud of the exemplary success of the team led by late Laxman Rajbansi for the development and promotion of the SVI . The present beautiful Brouchure of the SVI is the best example of the grand success of the SVI. It is very noteworthy to go through all the achievements and successes of the SVI in Nepal and abroad keeping relevant records and academic relationship with different countries abroad. I am very happy to go through all the pages of the Brochure highlighting achievements of SVI . Congratulations.During the Book Unveiling program I am very pleased to meet the writer of the original book Mr. Mr. Liu Ti Hong with his own Chinese team members . I was equally impressed with his contribution in writing many books in China. He visited Nepal in 2024 for the purpose of attending conference in Nepal regarding International Children Literacy Form.

2. In the Book Unveiling program the principal of the SVI was kind enough to deliver his key note welcoming speech focusing on relationships and attachment between Nepal and China. His speech was focused on issues as follows:
It was his opinions that it was a great honor to have esteemed guest from China led by the writer group Mr. Lou Ti Hong , Distinguished guest from the Embassy of China , China Cultural Center and Chairman of Araniko Society, Dr. Sushil Prajapati of Nepal, joined SVI for the book unveiling program was a testament to the strong ties between two countries. He was of the opinion that it was a special day attending celebration of a new book. Reading is of the great adventures we can ever have . Each book is like a door and when we open it , we step into an open new world full of fascinating stories , imaging heroes and wonderful ideas. This book will be a key that unlocks your imagination and inspire all students to discover more about the world with special reference to know more about China.
SVI has a proud and long standing history of cooperation with educational institutions of China.For over two decades SVI has been privileged to partner with Wuhan University, Qingdao Electric school, Manual school and east China University of Technology. Aforesaid
Partnerships have fostering valuable exchanges on education culture and friendship.

Our shared dedication to education is the basis of a promising future.

3. The key note speech of the respectable Author was quite interesting as given below as it is :



I am an old hen and I laid an egg. Where is the egg? This book is the egg, I laid .It is a good egg or bad egg ?? You will know once you eat it . If you don't eat it , you won't know whether it is good or bad. If it is a good egg, please remember Chairman Tam , because it's thanks to his efforts that you get to eat this egg. If it is a bad egg, please forget about me. , the old hen.
More than thirty years ago, I was just like you children. Back then I lived in a small ountain village. Looking at the mountain across from me I wondered what is behind the mountain ??
One day I climed to the topof a mountain and saw that beyond it was another mountain. I did not give up and claimed another mountain to find yet another mountain beyond it . At that time I felt a bit frustrated.
Feeling that I always be surrounded by mountains. Latter I left my home town came to the city
I finally understand: beyond the mountains there are starts and the sea .
Finally his ended withy a song : fly higher, fly higher and fly higher. It was queit interesting
Two more Para ?

4.. Key note remarks by Dr. Sarbottam Shrestha
Dr. Shrestha Resident of Lalitpur, 59years; SLC and I. Sc. graduate of Siddhartha Vanasthali Institute;
Received Medical education in Wuhan University, China. Completed MD in Clinical Neurology in 1995. Now Working at different medical institutions as a clinical neurologist.
He started translating contemporary Chinese literature into Nepali for 12 years ago. So far, Dr. shrestha has already translated 7 books from Chinese Language .

The summary of what has said on the book launch occasion
1) About the writer: He is from Hunan province of China, but has been working in Guangzhou for almost three decades. He also a graduate of Wuhan University. He has published 11 literary books of different genre.
2) He came to Nepal last year to attend international forum on children literature.
During that time, he started loving Nepal and Nepalese children. So, he contacted
Dr. Shrestha and ask whether I could translate a children's fairytale book into Nepali. Dr. Shrestha kindly accepted and finished it in less than 3 months. As I had not translated children's
book earlier, after the translation he asked Siddhartha Vanasthali Institute teachers to
arrange at least 8 young readers to read it, and have them comment on it nas a field testing mechanism . All of them loved it and did comment positively and requested for translation.
3) We should appreciate the writer not only giving his book for translation, he also
wanted to donate 500 copies of the books to Nepali children. And in the two
occasions, one at Siddhartha Vanasthali Institute and another in Jaycees Secondary
School in Bhaktapur he arranged to distribute the books to students' hands directly.

4.. Finally, Vote of thanks speech was delvered by Dr. Sushil Prajapati on behalf of the Chairman of Araniko Society of Nepal expessing his gradualness to the team leader from China, distinguished guests , SVI staff and representaves from the Chinese Embassy and the Araniko Society.

5..Free book distribution was also conducted with a special event in Bhaktpur amid special function in Jaycees Secondary school Bhaktapur under the leadership of the principal Mr. Gorkhali amid th aurher and Chinese team including assistant principal of SVI and professor Dr. Uttam Karmacharya , former School mamangement committee member of the Jaycees Secondary school Bhaktapur amid huge gathering of the school students antears and staff members.

6. Dr. Sarbottam Shrestha and Mrs. Himshila Shrestha ( Zhanq Qi)
Senior Neuroscientist Dr. Sarbottam Shrestha, a SVI alumni and the former chairman of Araniko Society of Nepal and Mrs. Himshila Shrestha (zhang Qi) have been monumental in serving SVI through various departmental projects along with assistance financially underprivileged families through scholarships programs. Over the course of time the SVI has had the opportunity to work with Sarbottam Shrestha and Mrs. Himshila Shrestha ( Zhanq Qi)
on various projects namely: Introducing scholarships programs for underprivileged studentsIntroducing scholarships programs to Earthquake Victims Engage students in internships and undergraduates programs in China
Organize students exchange programs in different schools in China Organize educational observation trips for students and teachers to China Working with Chinese volunteers during earthquakes in 2015 It is because of aforementioned noble activities Sarbottam Shrestha and Mrs. Himshila Shrestha ( Zhanq Qi) have not only won our hearts but the hearts of the community .

My Greater Nepal को अंग्रेजी संस्करण लोकप्रिय भयो ।
देश र विदेशबाट समेत यो पुस्तकको नेपालीकरणको व्यापक मााग आएकाले आफ्नो लेखमा अहिलेसम्मको अध्यावधिक विवरण समावेश गरेर नेपाली भाषामा पठाइदिन सादर अनुरोध गर्दछु । यो पुस्तकको नेपाली संस्करण छिटो प्रकाशित हुने व्यवस्था मिलिसकेको छ ।

१. डा.शास्त्रदत्त पन्त- रअ र अन्य विदेशी हस्तक्षेप
२. बुद्धिनारायण श्रेष्ठ- सीमा अतिक्रमण, समस्या र समाधान
३. नरेन्द्रप्रसाद उपाध्याय- दक्षिण एसियामा भारतीय दुस्चक्र
४. भरत दाहाल- नेपाल-भारत सम्बन्धको चिरफार
५. प्रेमसागर पौडेल- नेपाल चीन सम्बन्धको विश्लेषण
६. रत्नसंसार श्रेष्ठ- नेपालको जलस्रोत विकास
७. साध्यबहादुर भण्डारी- भारत र नेपालको नागरिकता समस्या
८. दीर्घराज प्रसाई- भारतीय षडयन्त्रको जालोमा नेपाल
९. बसन्त खड्का- सिमानामा भारतीय बाध
१०. राजन कार्की- भारतीय चक्रव्यूहमा नेपाल ।







## प्रतिष्पर्धी र सहयात्री बनौं

शास्त्रले भनेकै छ अति आशक्ति बान्छनीय (अति सर्बत्र बर्जयेत) हुँदैन ।



हाम्रो समाजमा अहिले लैङ्गिक अधिकार र स्वतन्त्रताको बिषयले विकृत रूप धारण गर्दै गएको देखिन्छ । असामाजिक असास्कृतिक स्वरूप ग्रहण गर्दैछ । पुरूष महिलाका बाबा दाजु भाइ श्रीमान छोरा ज्वाई भदा स्कूल कलेजका सहपाठी पनि हुन् जो जो बिभिन्न भूमिकामा महिलाको सुरक्षा र संरक्षक पनि हुन् । महिला (छोरी आमा श्रीमती साथी दिदि बहिनी भान्जी आदि )का आत्माबिस्वास र भरोसाका स्तम्भ पनि होइनन र ?यस्ता मानवीय एबम पारिवारिक संबेदनसिलता लाइ तिलान्जली दिएर एकाध व्यक्ति र परिवारका गलत ब्यबहार लाइ सम्पूर्ण पुरूष नै पीडक जस्तो भाष्य निर्माण गर्ने दुष्प्रयास भैरहेको छ । जसले पारिवारिक सास्कृतिक सामाजिक बिचलन मात्र होइन स्वयम महिलाको बिरक्त लागो एकल जिन्दगी मात्र होइन पुरूष बर्ग समेत पिडित हुँदै गएका छन् । महिलाको स्वतन्त्रता अधिकार र आत्मनिर्भरताको अर्थ एकल जीवन प्रेरित हुनु वा पुरूष बिहिन समाजको कल्पना हो र ? पारिवारिक सामाजिक दायित्व निर्वाहको बिबेक लाइ पनि सम्मान गर्नु पर्ने हुन्छ। पुरूष जाति माथिनै प्रतिशोधको अनुभूति हुने गरि बर्तमान नेपालको लैंगिक अधिकारकर्मी हरू प्रेरित भएको आभास हुन्छ । परिवार र समाजको रथको दुइ पांग्रा महिला र पुरूष सृष्टिको निरन्तरता को भूमिकामा रहेका हुन्छन घर र देशको सिक्काका दुई पाटो महिला पुरूषमा एक पक्षको अधिकारको कुरो गर्दा स्वत अर्को पक्षको स्वतन्त्रता र अधिकारको रक्षा सम्मान तर्फ सचेत हुनु पर्छ। एक पक्षले अर्को पक्ष प्रति कुण्ठा आरोप प्रतिसोध होइन प्रेम सद्भाव बिबेक जिम्मेवार समझदारी सस्कारयुक्त ब्यबहार हुनु पर्छ। शिक्षित र आत्मनिर्भर हुनु प्रतिषोधको लागि योग्य हुनु होइन घर समाज र देशको जिम्मेवारीमा सहभागिता जनाउनु दायित्व निर्वाह गर्नु हो । सायद भारत र नेपालमा बाहेक अन्य मुलुकमा प्राय सुनिदैन "पितृ सत्तात्मक ब्यबस्था के के त मैंले नबुझेको पितृ सत्ता राजा भए महिला स्वत महारानी पनि त् हुन्छिन नि होइन ? तर महिला महारानी भए पुरूष स्वत महाराज भएको कहिँ छ त् ? सोचौ एक पटक। बिकसित मुलकमा कुनै पनि उपलब्धि सम्बन्धित व्यक्ति (महिला/पुरूष)को इच्छा योग्यता दक्षता क्षमताको आधारमा पारदर्शिता पूर्बक प्रतिस्पर्धा गरेर मात्र हासिल गर्न सकिन्छ न कि लैङ्गिक जात आर्थिक अवस्था वा समूह हेरेर आशिर्बाद खोजेर /मागेर अर्को योग्यको भाग खोजिन्छ । यहि कारण NORMS OF STRONG CIVIC SENSE को मर्म बुझेको शिक्षित समाजमा हाम्रोजस्तो आरक्षण माग्नु बिबेकहिनता हो । क्षमतामा राष्ट्रपति, प्रधानमन्त्री बिशेष उपलब्धि गर्छन् ।

समय परिस्थिति यस्तो आयो कि आज बिस्वकै समाजमा सामान्य घर परिवारको दैनिकीको लागि पनि खास अबस्था वा अपबाद बाहेक एकको मात्र कमाइ अपुग हुन् थाल्यो, त्यसैले महिलाले पनि आफु लाइ यो जिम्मेवारीमा सहभागिता जनाउनु अनिबार्य हुन् पुगेको छ । दुबैको एक आपसमा सम्बन्ध र सहयात्रा झनै प्रोत्साहित गर्नु पर्ने भएको छ । पुरूष भएको घरमा महिला पनि हुन्छन् अनि पुरूषले प्राप्त गरेको उपलब्धि महिलाले पनि उपभोग गर्छिन्, होइन र ? अनि किन हामी उही कुण्ठा युक्त मानसिकता बोकेर पितृ सत्ताको नकारात्मक रटान लगाई रहेछौ ? छोराको कमाइ आमाले खाँदिनन ? ज्वाइको कमाइ छोरीले खादिनन ? श्रीमानको कमाइ श्रीमतीले खादिनन् ? पुरूषले कमाउदा घरकी महिला भोकै पर्नु परेको थियो र छ ? बरू अहिले एकाध महिलाले बिशेष शिक्षा र पदको उपलब्धि गर्दा पुरूष पिडित हुन् थालेका धेरै उदाहरण चर्चामा छन् । सक्षम हुनु को अर्थ भएको घर त्यागेर अर्काको घरमा वा अर्काको सम्पतिको आश्रयमा पुग्नु होइन। सृष्टि प्रकृति नीति नियमको सकारात्मक निरन्तरताको लागि महिला पुरूष लैंगिक प्रतिष्पर्धी होइनन सहयात्री हुन् प्रेरित र बिबेकपूर्ण हुनुपर्छ ।

Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# नेपालका तीतामीठा घटनाक्रमहरू



डा. शास्त्रदत्त पन्त

पृथ्वीनारायणको योजना र अकाङ्क्षा अनुसार राज्य विस्तारमा लागेका बहादुर शाहले पहिलो चरणमा नै गुल्मी, अर्घाखाँची, पर्वत, मुस्ताङ, मुसिकोट, गलकोट, दाङ, प्युठान र जाजरकोटलाई एकिकृत गर्न सफल हुन्छन् । यी नतिजाले उनी उत्साहित हुन्छन् । त्यसपछि उनले नेपालमा व्यापार विच्छेद गरेको कुती र केरुङ (तिब्बत) माथि चढाइ गर्दछन् । त्यहाँ विजय प्राप्त भएपछि सुलह योजना बन्दछ । युद्ध खर्च वापत १ करोड रुपैयाँ वा दुई मध्ये कुती प्रदेश नेपालमा मिलाउने नेपाले प्रस्ताव गर्दछ । अन्त्यमा तिब्बतले वार्षिक ५० हजार रुपैयाँ नेपाललाई बुझाउने सम्झौता हुन्छ । तिब्बतबाट नेपाल बसाइँ सरेका श्यामर्पा लामालाई समेत त्यस सन्धी पत्रको साछीमा राखिएकाले तिब्बतीहरु बहादुर शाहसँग रिसाउँछन् । फलतः दोस्रो वर्षदेखि सर्त बमोजिमको रकम नेपाललाई बुझाउँदैनन् । सन्धी संशोधन गर्ने भन्ने तिब्बती प्रस्ताव अनुसार कुतीमा वैठक बोलाइन्छ । तिब्बतीको षडयन्त्र श्यामर्पा लामालाई त्यहाँ गिरफ्तार गर्ने थियो । लामा त्यहाँ नगएको बहानामा तिब्बतले बार्ता भङ्ग गर्दछ । बार्ता भङ्ग गरेकोले तिब्बती पक्षका वार्ताकारलाई गिरफ्तार गरेर काठमाडौं ल्याइन्छ ।

अर्कातिर पश्चिम तर्फको राज्य विस्तार अभियानलाई पनि निरन्तरता दिइरहन्छ । नेपालको नियन्त्रणमा आएका राज्य जुम्ला, दैलेख, दुल्ली, अछामा, बझाङ, डोटी, कुमाउँ, गढवालमाथि अनुगमन नियन्त्रण कायम रहन्छ । त्यस पश्चिम पनि नेपालको सीमा निरन्तर बिस्तार गरिदै लगिन्छ । पश्चिमको सीमा अलकनन्दा नदी कायम गरिन्छ । विस्तारको क्रममा भएका युद्धमा 'पनियाखेतु मा नेपालीको हार हुन्छ । यस हारले गर्दा पूर्वी नेपालमा भएझैं माथि उल्लेखित राज्यका राजाहरू लुकेको ठाउँबाट फर्किन्छन् ।

उता तिब्बततिर लडाइँ गरिरहेका सेनाले दिगर्चा शहरमा आक्रमण गरी कब्जामा लिन्छन् । लामाले हर्जना तिर्न आनकान गरेकाले नेपाली सेनाले गुम्बाका चल सम्पत्ति लुटिदिन्छन् । लुटिएका वस्तुमा चीनका राजाले उपहार दिएका वस्तु पनि परेका हुन्छन् । चीनले तुरुन्त फिर्ता गर नत्र .... भनेर धम्कीपत्र पठाउँछ । बहादुर शाह असमन्जस्यमा पर्दछन् । समस्या समाधानार्थ बहादुर शाहले भारदारी सभा बोलाउँछन् । सभाले अङ्ग्रेज सरकारको मद्दत माग्ने निर्ण गर्दछ । त्यो नेपालको अर्को ठूलो गल्ति मानिन्छ । अङ्ग्रेजलाई के खोज्छस् काना आँखो हुन्छ । मौकाको फाइदा उठाएर तुरुन्तै एउटा वाणिज्य सन्धी गरिहाल्दछ । मुन्सी अब्दुल कादोरलाई राजदुत बनाएर नेपाल पठाइहाल्दछ ।

बहादुर शाहले एकैचोटी दुबैतिर युद्ध गर्दा सेना बाँडने र कमजोर हने थाहा हुदाहुदै पनि बाध्यताबस दुइतिर युद्ध गर्नं परेको हुन्छ । अग्रेजको कंपनी सरकारले संझौता उलंघनगरिदिएका कारण मात्र पछि हट्नु परेको हुन्छ । यसबाट त्यसपछिका शासकले पाठ सिकेनन् ।

पश्चिम नेपालको विद्रोह त शान्त भयो तर तिब्बतसँग झन् चर्कियो । अङ्ग्रेजसँग सन्धी भइरहेको बेला ९ हजार चीनियाँ सेनाले केरुङतर्फबाट नेपालभित्र प्रवेश गर्दछन् । त्यसको नेतृत्व तुङथाङलेले गरेका हुन्छन् । अर्को दल कुतीको बाटो हुँदै नेपाल प्रवेश गरिरहेको हुन्छ । चीनीयाँ सेनालाई नेपाली सेनाले 'लिस्ती मा आइपुग्दा मात्र रोक्न सफल हुन्छ । अनि पछिमात्र दुइ देशबीच सन्धीको कुरा अघि बढ्छ । धैबुङमा चीनीयाँ र बेत्रावतीमा नेपाली सेना बसेर बार्ताको थालनी हुन्छ । एक महिनासम्म बार्ता हुँदा पनि सम्झौताको आधार पत्र बन्न सक्दैन । चीनको फौजले समझदारी विपरित वेत्रावती नदी तर्दछ तर हार खान्छ । वि.सं. १८४९ भाद्र ८ गते ( २० अगष्ट १७९२) का दिन हार खाएर भागेर फर्कंदा बेत्रावति नदीले बगाएर एक हजारभन्दा बढी चीनीया सेनाको ज्यान जान्छ । अनि मात्र सन्धी हुन्छ । सन्धी अनुसार स्याङर्पा लामालाई सुपुर्दगी गर्न, केरुङ र खासा दुबै प्रदेश फिर्ता गर्न नेपाली पक्ष सहमत हुन्छ ।

चीन तिव्वत युद्धका कारण

सन १७८८ देखि नेपालले तिव्वतसँग युद्ध सुरु गर्छ । चीन तिब्बतको सहयोगार्थ जोरिन्छ । त्यस पछि नेपालको त्यो युद्ध तिब्वत-चीन बीच हुन पुग्दछ । यस युद्धको मूल कारण तिब्बतले खोटाटक प्रचलनमा ल्याएर नेपाललाई ठग्न खोजेको हुन्छ । नेपाललाई तिब्बतले शुद्ध चाँदीका टक दिने कवोल गरेको हुन्छ । कबोल गरे पनि कबोल पुरा गरको हुँदैन । नेपालले महेन्द्र मल्लका पालादेखि तामो मिसिएका सबै टक साटि दिनु पर्ने सर्त राखेको हुन्छ । सर्त पुरा नगरेपछि युद्ध गर्नंपरेको हुन्छ । दोश्रो कारण द्विपक्षीय व्यापार सन्धी अनुसार कुतीको छुम्की केरुङबाट तिब्वतले भारतसँग व्यापार गर्नं पर्नेमा सो विपरित सिक्किमबाट व्यापार गर्ने गरेकोले सन्धी उलंघन गरेकोमा दण्ड दिनु हुन्छ । तेश्रोकारण तिब्बतले नेपाल पठाउने नुनमा धुलो मिसाएर पठाउने गरेको आरोप हुन्छ । पटकपटक भन्दा पनि गुणस्तर कायम गर्न इन्कार गरेपछि नेपाल बिरुद्ध अपराध गर्नेलाई सुपुर्दगी गर्न इन्कार गर्नु अर्को कारण हुन्छ ।

नेपाली फौजले कुती, केरुङ्ग, झोङ्गा र सिकारजोङमा कब्जा जमाउँदछ । आत्तिएको तिब्बते २ जुन १७८९ मा सन्धी गर्दछ । सन्धी अनुसार नेपाललाई तिब्बतले प्रतिवर्ष ५०००१ रुपैया नजरआना तिर्नुपर्ने मुख्य बुदा हुन्छ । तिब्बतले नेपालमा पठाएको तामो मिसिएको मुद्रा साटिदिन कबोल गर्दछ । भारतसंगको व्यापार नेपालको बाटो भएर गर्न मन्जुर गर्दछ । प्रत्येक वर्ष एकजना आसिर्वचन दिन नेपाल आउनु पर्ने सर्त पनि रहन्छ ।

तिब्बतले नेपालसंग सन्धी गरेर युद्ध अन्त्य गरे पनि पटकपटक उलंघन गर्दछ । संशोधनको प्रस्ताव राख्दछ । त्यही कारण पुनः युद्ध हुन्छ । सन १७९१-९२ को यस युद्धमा नेपालले तिब्बतको कुति, सिग्म, टिङ्गरी, सिशादजोङ तासिलुम्पो सम्म आधिपत्य जमाउँदछ । तिब्बत फेरि सन्धी गर्न तयार हुन्छ । नेपालले ५१ किस्तामा र ५० धार्नी सुन क्षतिपुर्ति माग्दछ । तिब्बते दिन इन्कार गर्दछ । नेपालले तरसिलुम्योमहलको सम्पत्तिबाट आफ्नो हर्जाना असुल गर्दछ । चीनले तिब्बको पक्षमा ठूलो फौज पठाउँदछ । यस्तो अवस्थामा भारतको कंपनी सरकारले नेपाललाई सहयोग गर्न सन्धी गरेको हुन्छ । सन्धी अनुसार कंपनी सरकारले सहयोग गर्दैन । सन्धीको उलंघन गर्दछ । वेइमानी गर्दछ । अंग्रेज स्वभावैले बेइमान हुन्छन् नै । फलतः नेपाल पछि हट्नु पर्ने हुन्छ । पछि हटेर वेत्रावतीमा खुम्चिन्छ । परिणामतः सन ३० सेप्टेम्वर १९९२ मा नेपाल चीन वीच सन्धी हुन्छ । सन्धी अनुसार तिब्बसँग मैत्रीभच उपहार आदान प्रदान गर्ने, समर्पलामालाई तिब्बताई फिर्ता गर्ने, सैनिक वाहेकका शय नेपालीले तिब्बतमा उद्योग र व्यापार संचालन गर्न पाउने हुन्छन् ।

तिब्बत र चीनसँग भएका युद्धको प्रभाव नेपालमा पर्दछ । नेपालले आफ्नो मुद्रा तिब्ब पठाएर हुने आर्जन वन्द हुन्छ । त्यहाँ चीनले नामसारी राखि दिन्छ । नेपाल-चीन रहेको उपहार आदा प्रदान कार्य वन्द हुन्छ । नेपालको तिब्बत तिरको व्यापार विग्रेपछि बाध्य भएर कंपनी सरकारसँग मार्च १, १९९२ मा वाणिज्य सन्धी गर्दछ । भारतको कपनी सरकारले नेपालको कमजोरीको फाइदा उठाउँद छ । तिब्बको सहयोगका लागि भनेर चीनमा सेना राख्छ। त्यसै आधारमा तिब्बत चीनको अधिनस्त हुन पुग्दछ ।

चौविसे राज्यलाई नेपालमा समावेश गर्ने भन्ने प्रस्ताव भए पनि उनले गुल्मीका निर्वासित शिव शाहकी नातिनी विद्यालक्ष्मीसंग वि.सं. १८४३ माघ १० गते (२० जुन. १७८७) मा विवाह हुन्छ ।

श्री ५ रणबहादुरको प्रत्यक्ष शासन

संवत १९५० (सन १७९४)मा रणबहादुर शाहको १८ वर्ष उमेर पुग्दछ । उमेर पुगेपछि बहादुर शाहले शासन सत्ता राजालाई बुझाउन चाहन्छन् । नायवी हटाएर बिसं १८५१ ज्येष्ट २७ गते (६जुन १९९७) देखि देशको शासनभार आफ्नै हातमा लिन्छन् । राज्यका सबै प्रशासनिक निकाय लथालिंग भएकाले त्यसको एक वर्षसम्म काका भतिजाले संयुक्त रुपमा शासन चलाउँछन् । एक वर्ष पछि राजाले सबै अधिकार लिन्छन् । नयाँ भारदारी सभाको गठन गर्दछन् । रणबहादुर शाहका ५ वटी रानी हुन्छन् । जेठी गुल्मीका राजाकी छोरी राजराजेश्वरी (विद्यालक्ष्मी), माहिली सुवर्ण प्रभा, साहिली कान्तावती (मिथिली मिश्र थरकी विधवा), काहिंली चन्द्रावती ( कान्तावतीकी बहिनी) र कान्छी ललित त्रिपुरा सुन्दरी हुन्छन् ।


जेठीपट्टि एउटी छोरी मात्र जन्मन्छिन्, अरु कुनै सन्तान जन्मदैनन् । माहिली सुवर्ण प्रभाबाट दुइटा छोरा हुन्छन् । जेठा रणोद्योत शाह र कान्छा सम्शेर शाह । वैदिक धर्म परम्परा अनुसार जेठा युवारज भावी राजा हुन्छन् । रणोद्योत शाहको राजा हुने रोलक्रम हुन्छ । राजाले उत्तराधिकारीको संस्कार धर्म तोडेर कान्तावतीसँग सर्त गरे अनुसार गीर्वाणयुद्ध शाहलाई राजा बनाउँछन् । यो सर्त लगभग दशरथले कैकेयीसंग गरेजस्तै हुन्छ ।

आफू कम्जोर मनका भएकोले सर्त स्विकार्दछन् । सर्त अनुसार आफ्नो जीवन कालमानै डेढ वर्षका गीर्वाणयुद्ध विक्रमलाई राजा घोषित गर्दछन् । सन ८ मार्च १७९९ मा पाल्पाका राजा पृथ्वीसेन पाल्पाबाट राज तिलक लगाई उनलाई राज गद्धिमा राख्दछन् । त्यसलाई अझ पाको बनाउन ९५ जना भारदारलाई गीर्वाणयुद्ध प्रति बफादार हुन धर्म पत्रमा सहि गराउँदछन् । आफू स्वयंले स्वामी निर्गुणानन्द नाम राखेर सन्यास लिन्छन् । अभिमान सिंह वस्नेतलाई हटाएर कीर्तिमान सिंह वस्नेतलाई मुख्य काजीमा नियुक्त गर्दछन् । भीमसेन थापा र राजकेश्वरी राजाको हेरविचारमा खटिन्छन् । कान्तावतीले राजाको नायवी गर्दछिन् । १ नोभेवर १७९९ मा क्षयरोग बाट कान्तावतीको मृत्यु हुन्छ । उनको मृत्युले राजामा उदण्ड पन बढ्दछ । १८ अप्रिल १८०१ का दिन काशी वास जान्छन् । दामोदर पाण्डे प्रम हुन्छन् । सुवर्ण प्रभाले नायवी ग्रहण गर्दछिन् । अंग्रेजले रणबहादुर शाहलाई फकाएर नेपालमा व्यापार कोठी खोल्न चाहन्छन् । राजाले आफैले गुमाएको राजकीय शक्ति फिर्ता लिन चाहन्छन् । सुवर्ण प्रभा काशीबाट फर्कन्छिन् र नायवी लिन्छिन् । कप्तान नक्सलाई बस्न नसक्ने वतावरण बनाउँदछिन् । फलतः गभर्नर जनरल लर्ड बेलेन्जीले १८०४ को सन्धी भङ्ग गर्दछन् । रणबाहादुर काठमाडौं फर्कन्छन् । फेरी बवण्डर मच्चाउँन थाल्दछन् । उनले २ वर्ष राजा र २ वर्ष मुख्तियारीका रुपमा काम गर्दछन् । ३१ वर्षको उमेरमा उनी १८०६ मा आफ्नै भाइबाट मारिन्छन् । वि.सं. १८५१ ज्येष्ठ २७ गते (६ जुन १७९४) का दिन गठित भारदारी सभाले जेठी महारानी राजराजेश्वरीलाई प्रमुख सल्लाहकारमा नियुक्त गर्दछ । सुवर्ण प्रभालाई भने रानीको पदमात्र दिइन्छ ।

चौतारा पदका लागि महोद्दामकीर्तिका छोरा बलभद्र शाह, विदुर शाही, शेरबहादुर शाही, दावेदार र बहादुर शाह अपेक्षित रहन्छन् । राजा रणबहादुरले विदुर र शेरबहादुरलाई संयुक्त रुपमा काम गर्न अराउँछन् । त्रिभुवन प्रधान (खवास) र नरसिंह गुरुङलाई काजी (मन्त्री) का रुपमा नियुक्त गर्दछन् । अभिमान सिंह र दामोदर पाण्डे पनि कायमै रहन्छन् ।

राजा रणबहादुर शाहले राजकाज भारदार (मन्त्रिपरिषद) लाई सुम्पेर आफू आमोद तथा प्रमोदमा समय बिताउन थाल्दछन् ।

# तीज पर्वलाई बिकृतिरहित बनाउनु पर्छ



सुरेशकुमार पाण्डे

हरितालिका तीज सदियौं देखि महिलाहरूले मनाउँदै आएका छन् ।

प्रायःजसो मेला पर्वहरू समाजका सबै महिला पुरूष, बालबालिकाकै लागि हुन्छन् । लैङ्गिक र जातीयतामा धेरैजसो मेला पर्वहरू हुँदैनन् ।तर तीजलाई महिलाहरूको पर्व भन्ने परमपरा नै छ । हुन त थुप्रै अन्तरराष्ट्रिय दिवसहरू पनि छन् तर महिलाहरूको व्यापक सहभागिता तीजी पर्वमा भएको देखिन्छ । चाडपर्व सामाजिक गहना पनि हुन्छन् । यही वहानाले मानिसहरूको भेटघाट र उनिहरूले खुसी प्रकट गर्दछन् ।

सबैजसो चाड पर्वहरूले बिभिन्न प्रकारका इतिहास बोकेका हुन्छन् । तीजलाई पनि हिन्दुहरूको चाड भनिन्छ । चाडपर्वलाई किम्दन्तीले धार्मिक रूपमा ब्याख्या र बिष्लेषण गरेको पाइन्छ ।

जस्तो की तीज, दँशैं, तिहार आदि हिन्दु परमपरा अन्तर्गत वा त्यही रूपमा मनाउँदै आएको देखिन्छ । सबैजसो चाड पर्वमा जनताको भावनात्मक सम्बन्ध जोडिएको हुन्छ । चाडपर्व मनाउने भन्नेबारे दुइमत छैन तर कसरी मनाउने भन्ने बारे मत भिन्दा भिन्दै हुनसक्छन् ।

आजको समाजलाई मुल्याङ्कन गर्दा पर्वहरूलाई कसरी मनाउने ? भन्ने बारेमा हामीले आ-आफ्नो विवेकलाई प्रयोग गर्नुपर्ने हुन्छ ।

गरिब श्रमजिविहरूले अड्कलेको खर्चबाट गुजारा गर्नुपर्दछ । यसैले गर्दा पनि गरिब श्रमजिविहरूलाई चाडपर्व मनाउँदा धेरै नै सोंचेर मनाउने गर्दछन् । तीज पर्वमा गरिबका चेलिबेटीहरूले आ आफ्नो पिडालाई पोख्ने दुःख सुख साजा गर्ने माध्ययमको रूपमा लिने गर्छन् । कयौं संगठित महिलाहरूले प्रगतिशील कार्यक्रमको आयोजना गरेर मनाउने गर्द छन् । तरीजअड्किलो बन्दै गएको छ ।

आजको पुंजिवादी तथा पुरूषप्रधान समाजमा महिलाहरूमा बढ्दै गएको हिंशा र मधेशमा दैजो प्रथा झाँगिदै गएको अवस्था छ । वैदेशिक रोजगारमा महिलाहरूको सहभागिता र उनिहरूको सुरक्षाको प्रश्न आदि यसबारेमा आधा आकास संगठित हुनुपर्ने देखिन्छ । महिलाहरूको एकतामा बाधक पनि यस्तै कैयौं रितिरिवाज बनेका हुन्छन् ।

जबसम्म महिलाहरू स्वायम कुरितीको विरूद्धमा अगाडी बढ्ने आंट गर्दैनन् तबसम्म महिलाले पुरूष सरह समान अधिकारको कल्पना पनि नगरे हुन्छ । स्वायम महिलाहरूनै महिला हक हितकोलागि बाधक बन्दै आएका हुन्छन् । अहिले त कतिपय प्रगतिशीलताको बहानामा छाडा र बिक्रितियुक्त व्यवहार झांगिदै गएको पनि देखिन्छ ।

तीज पर्व धार्मिक किमदन्ती अनुसार भन्नुपर्दा भाद्र शुक्ल तृतीयामा मनाइने हरीतालिका तीज व्रतको एक प्रकारको कथा पनि छ । यसको बारेमा कयौं दन्ते कथाहरू पनि जोडिएका छन् ।

भनिन्छ "धार्मिक रूपमा एक पटक शिवले पार्वतीको उनको पूर्वजन्मको स्मरण गर्ने उदेश्यले यो वर्तलाई महात्मयको कथा भनेका थिए । भोले शङ्करले भने - हे गौरी ! पर्वतराज हिमालयमा स्थित गंगाको तटमा तिमिले आफ्नो बाल्यवस्थामा बारह वर्षसम्म उँधो मुख भएर घोर तपस्या गरेकि थियौ । यति समयसम्म तिमिले अन्न नखाएर वृक्षहरूको सुकेका पातहरू चपाएर व्यतित गरेकी हौ । माघको बिक्राल चिसोमा पनि तिमीले निरन्तर जलमा प्रवेश गरेर तपश्या गरेउ । बैशाखको प्रचण्ड घाममा पनि तिमीले पंचाङ्गिनले शरीरलाई ततायौ । श्रावणको मूसलधार वर्षातमा खुला आकासको तल बिना अन्न, जल ग्रहणको समय बितायौ । तिम्रो पिताले तिम्रो कष्ट साध्य तपस्यालाई देखेर धेरै दुखि हुन्थे । एकदिन तिम्रो तपस्या देखेर नारद तिम्रो घरमा पधारे । तिम्रो पिताले हृदय देखि अतिथि सत्कार गर्दै उनको यहाँ आउने कारण सोधे ।

नारादले भने- गिरिराज ! म भगवान विष्णुले पठाएर यहाँ पुगेको हु । हजुरको कन्याले कठोर तपस्या गरिन । यसबाट प्रश्न भएर उहाँ हजुरको छोरीसँग विवाह गर्न चाहानुहुन्छ । यसै सन्दर्भमा म हजुरको इच्क्षा जान्न चाहान्छु ।

नारादको कुरा सुनेर गिरिराज खुसिले गद्गद भएर भने- महाराज ! यदि स्वयम. विष्णु नै मेरी सपुत्रीसँग विवाह गर्न चाहे भला मेरो के आपत्ति हुनसक्छ ?

तिम्रो पिताको स्वीकृति पाएर नाराद विष्णुको पास गएर उनलाई विवाह हुने समाचार सुनाए । तिम्रो कानमा जब यो कुरा पर्यो त्यो वेला तिम्रो दुःखको ठेकाना रहेन । त्यो एउटी सखीले तिम्रो यो मानसिक दशालाई सम्झिन र तिम्रो त्यो विक्षिप्तताको कारण बुझ्न खोजिन । त्यसपछि तिमीले भन्यौं - मैले साँचो हृदयले भगवान शिव शङ्करको वरण गरेको हुँ, तर मेरो पिताले मेरो विवाह विष्णुजी सँग निश्चित गराए । म विचित्र धर्म सङ्कमा छु । अब के गरू ? प्राण त्याग्ने अलावा अब अरू कुनै उपाया छैन । तिम्रो सखी धेरै समझदार र सुझबुझवाली थिइन् । उनले भनिन्- साथी यसमा प्राण त्याग्ननै किन पर्यो ? सङ्कटको मौकामा धैर्यले काम गर । नारिको जीवनको सार्थकता यसैमा हुन्छ । बरू हिंड मतिमिलाई घनघोर बनमा लिएर जान्छु तिमिले त्यहा तपस्या गर ।त्यहाँ तिम्रो पिता पनि आउने छैनन् र त्यो वेलासम्म तिमीलाई इस्वरले बाटो देखाउनेछन् । उसले भने अनुसार तिमीले तपस्या गर्न थाल्यौं उता तिम्रो पिता तिम्रो खोजीमा निरन्तर लागे । तिम्रो यो कष्टपूर्ण साध्य तपस्याले मेरो आसान हल्लियो । मेरो समाधि टुट्यो र म तुरून्त तिम्रो समक्ष पुगें । मलाई देखेपछि तिमीले भन्यौ । मैले हृदयदेखि हजुरलाई पतिको रूपमा स्वीकारेकी छु । यदि साँचैभन्दा मेरो तपस्याबाट प्रसन्न भएर आउनु भएको भए कृपया मलाई आफ्नो अर्धाङ्गिनी स्वीकार गर्नुहोस् ।

त्यो सुनेर मैले "तथास्तु' भने अनि म कैलाश पर्वत फर्किएं । आफ्नो पितालाई भन्यौ - मैले कठोर तपस्या गरेपछि मेरो तपस्या सार्थक भयो । तिम्रो पिताले तिम्रो कुरा माने अनि हाम्रो विवाह हुनस्क्यो । त्यसैको खुसिमा सुक्ल तृतियामा तिमिले मेरो आराधना गरेर जो वर माग्यौ त्यही प्रकारले अन्य कन्याहरूले आ आफ्नो वर पाउनलाई बर्त बस्नेछन् र तपस्या गरेपछि आफूले चाहेको वर पाउनेछन् ।

यही खुसिको पर्व तीज मानिन्छ ।

यस्तै चमत्कारी कथाको प्रभावमा परेर महिंला किसोरीहरूले पनि वर्त बस्ने गर्छन् । वास्तिवक रूपमा अहिलेको समाजमा यस्ता किमदन्ती भन्दा सही र गलत आफ्नै विवेक द्वारा छुट्टाउन सक्नुपर्छ । यही अहिलेको समयको माग हो । महिलाहरू कुनैपनि काममा कम्जोर हुँदैनन् । कुनै अलौकिक शक्तिको चमत्कारले उनीहरूको रक्षा गर्दैन, उनीहरूलाई हक अधिकारका लागि स्वयम आफै अगाडी बढ्नु पर्छ । आधा आकास आधा धर्ती जुर्मुराएपछि सबै खाले हक हित प्राप्त हुनसक्छ ।

आज तीज मनाउने बहानामा पोषाक र गहनाको प्रदर्शन गर्ने, महङ्गा होटलमा मदिरा पिएर छाडा नाचेको देखिन्छ । श्रमजीविहरू महिलाहरू जानु हुँदैन । बरू चेलिवेटीहरू आफ्नो हक हितको रक्षा र हिंशाको विरूद्धमा बोल्नुपर्छ । तीज मनाउ सभ्य र अनुसासित रूपमा ।

# राजनीति समाजका लागि गरौं




राजनीति सबैको साझा विषय हो, यसलाई व्यक्ति र गुट विशेषको स्वार्थमा प्रयोग नगरौं ।

No one is immune from politics don't emphose its important – सिद्धार्थ वनस्थलीमा राखेको सन्देशमूलक सूचना हो यो । २०५८ सालमा भएको दरवार हत्याकाण्डको बेला देखि ओरालो झरेको राष्ट्र नेपाल अहिले विघटन नै हुने अवस्थामा पुगेकोमा चिन्ता बढेको छ ।

२०८२ भाद्र ४ गते, वीर गोर्खाली मिडियाको स्टुडियो, बुद्धनगर, काठमाण्डौमा आगामी भाद्र २१ गते हुने इन्द्र जात्रालाई लक्षित गरी "संकलन" पुस्तक भित्र के छ ? भन्ने बारे समिक्षा कार्यक्रम राख्ने भएका छौं भन्दै नेपाल अधिराज्यको संविधान २०४७ कार्यान्वयन जनदवाव समाजका सह-संयोजक महेश्वर जुजु राजोपाध्यायबाट संकलन पुस्तकको विमोचन सहित पाठकहरूको हात हातमा पुऱ्याइने भएको छ ।

राष्ट्रवादीहरूको साझा संगठनका अध्यक्ष प्रा.डा.उत्तमकृष्ण कर्माचार्यले Document is Powerful, सबै कुरा Document ले बोल्छ भन्दै "संकलन" पुस्तकले त्यो दिशा अवलम्बन गर्न सकेको छ भनेर पुस्तक प्रकाशनमा ल्याउन जमर्को गर्नु भएका सबैलाई बधाईज्ञापन गर्नु भएको थियो । कार्यक्रम धर्म संस्कृति जनता र देश बचाउ अभियानका अभियन्ता माया पाण्डेको सभापतित्वमा भएको थियो । वक्ताहरूमा हरिशरण शाह, विजय खड्गी, मनोज सापकोटा, विष्णु सिंह डंगोल, माया पाण्डे, महेश्वर जुजु राजोपाध्यायले संवैधानिक राजतान्त्रिक मुलुकमा फर्काएर छिमेकी राष्ट्रहरू चीन र भारतलाई सन्तुलित दुरीमा राख्नै पर्छ भनेका थिए । कार्यक्रम सञ्चालक शंकर मघैयाले राष्ट्रवादी धारधारिलो पार्नुपर्ने बताए ।

यसै गरी,



युग प्रवर्तक श्री ५ महेन्द्रबाट मुलुकी ऐन मार्फत जातिय छुवाछुत र भूमि सुधार लागु गरेको ऐतिहासिक दिनलाई सदा झैं राष्ट्रिय सामाजिक एकता दिवसको उपलक्ष्यमा वृहत प्रवचन गोष्ठी प्रज्ञा प्रतिष्ठानमा सम्पन्न भएको छ ।

प्रमुख अतिथी प्रा.डा. उत्तमकृष्ण कर्माचार्यले नेपालको राष्ट्रवादलाई जोगाउन राजसंस्थाको साथै सबै देशभक्त, राष्ट्रवादीहरू एकै ठाउँमा उभिनु पर्ने आवश्यकता माथी प्रकाश पार्नुभएको थियो । राजा महेन्द्रकै कारण नेपाली हुन पाएकोमा गौरव गर्नेहरूमा सिपी मैनाली, सुभद्रा विश्वकर्मा, विक्रम झा, राजेन्द्र ओझा, गजेन्द्र ब. अर्याल, शारदा शाही, निरा रंजित, राधेश्याम थापा, दलवीर विश्वकर्मा, विश्व मोहनी, शान्ति विश्वकर्मा आदी हुनुहुन्थ्यो ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८२ भदौ १०, Aug 26, 2025





## अन्तिम पातो – शाश्वत शर्मा

# षडयन्त्र जारी छ

१८ वर्ष अघिको गौर हत्याकाण्डको पुन: छानबिन भएर दोषीमाथि कारवाही गर्ने बाटो खुलेको छ । सर्वोच्च अदालतको आदेशपछि मधेश फेरि गर्माउन थालेको छ । खासगरी उपेन्द्र यादवको जसपाले यो आदेशको बिरोध गरिरहेको देखिन्छ । भन्नेहरु यदि यो घटनाको निष्पक्ष छानबिन भएमा पेन्द्र यादव, प्रभु शाहसमेत करीवदुईसयजनामाथि कारवाही हुनसक्छ । गौर राइस मिलमा भएको मधेसी जनाधिकार फोरम र तत्कालीन माओवादीका बीचको यो हत्याकाण्डमा करीव ३० जना मारिएको बताइन्छ । पूर्व माओवादी रहेका उपेन्द्र यादव र प्रभु शाहले तराई मधेशमा आफ्नो बेग्लै बर्चस्व बनाउन यो घटना घटाएको बताइन्छ । २०६३ चैत ७ गते रौतहटकोगौरमा भएको यो घटनामा मारिनेको संख्या २७ भनिए पनि प्रत्यक्षदर्शीहरुले ३० जना मारिएको बताउँछन् । राष्ट्रिय मानवाधिकार आयोगले १३३ जनामाथि अनुसन्धान गर्न सिफारिस गरे पनि ३ सयमाथि अनुसन्धान हुनुपर्ने त्यतिबेला बहस चलेकै हो । माओवादी र सपेन्द्र यादवको मधेशी जनाधिकार फरमबीच आमसभा र प्रदर्शनको निहुँमा झडपपछिको हत्याकाण्डका बारेमा कुनै छानबिन हुनसकेन । मानवाधिकार आयोग र पीडितको किटानी जाहेरीको कुनै वास्ता गरिएको थिएन । यो घटना १८ वर्ष छोपेर राखियो, मृतकले १० लाखका दरले क्षतिपूर्ति पनि पाइसकेका हुन् । अहिले आएर यो फाइल खोलिने भएको छ । तर जसपाले यो राजनीतिक पूर्वाग्रह भनेको छ । प्रतिकार गरिन्छ भनेर जनकपुरतिर जुलुस निस्कन थालेको छ । भनिन्छ, यो घटना प्रभु शाहले प्रचण्ड, बाबुराम, मातृका यादवहरुसित सल्लाह गरेरै घटाउका हुन् । त्यसैगरी उपेन्द्र यादवहरुले पनि माओवादीको उचाईलाई घटाउन र आफ्नो पक्षमा पार्न यो घटना घटेको हो । स्मरणीय छ, २०६३ भनेको जंगलबाट भर्खर सहर पसेकाहरुको जगजगी भएको वर्ष थियो । सात खुन माफ हुने समय थियो । त्यसैगरी उपेन्द्र, प्रभुहरु आआफ्नो हैसियत बनाउन चाहन्थे । माओवादी छाडेर मधेशवादी दल खोल्दै राजनीतिमा आउन तम्सेका उपेन्द्रहरुलाई पनि यो बेला मौका थियो । फलत: गौर हत्याकाण्डजस्तो जघन्य हत्याकाण्ड हुनपुगेको थियो । त्यो घटनापछि प्रचण्ड बाबुरामले यादव र उनको समूहलाई आतंककारी, दानव चरीत्र भएको भनेर आरोप लगाएका थिए । जे होस् १८ वर्षपछि यो घटनाको फाइल खुलेको छ, दूधको दूध, पानीको पानी हुने अवस्था सिर्जना भएको छ ।

प्रभु शाह र उपेन्द्र यादव कारवाहीमा पर्लान् भनिरहँदा २०६२ जेठ २३ को चितवनको बाँदरमुडेमा भएको बसमाथिको बम बिस्फोटको घटनाको छानबिन किन नहुने भन्ने प्रश्न धेरैले उठाएका छन् । त्यो घटना पक्ष विपक्षको हानाहानको घटना थिएन, बसमा यात्रा गरेकाहरु मारिए, घाइते भएका थिए । यो घटनामा ठूलो भूल भएको अध्यक्ष प्रचण्डले स्वीकार पनि गरिसकेका छन् । त्यो घटनामा पनि छानबिन हुने हो भने माओवादी अध्यक्ष प्रचण्ड नै कारवाहीमा पर्नसक्नेछन् । यतातिर अदालतले किन ध्यान नदिएको भन्ने प्रश्न पनि छ । कतिपयले दबाबमा परेपछिमात्र आदेश आउने, अनुसन्धान हुने हो कि पनि भनेका छन् । नेपालमा अराजकता र अस्थिरता बनाइराख्न चाहने देशी विदेशी तत्वहरु उपेन्द्र, प्रभु हुँदै ठूला पार्टीभित्र बबाल खडा गर्नेमात्र होइन, जसपा, रास्वपा, राप्रपातिर पनि लथालिङ्ग अवस्था सिर्जना गराइदिने गरी सल्केको देखिदैछ । साना ठूला सबै दलहरुभित्र फस्ने, फसाइदिने, बिरोध-समर्थन र बिद्रोहका घटनाक्रम तीब्र रुपमा बढेको छ । पद र शक्तिको मारामारमा हरके ठूला नेता, दलहरु न्वारानको बल लगाएर प्रतिस्पर्धा गरिरहेका छन् । यसैको परिणम हो सर्वोच्चको आदेश र गौर हत्याकाण्डको १८ वर्षपछिको छानबिन । लोकतान्त्रिक गणतन्त्रका लाउके र टाउकेहरुको यस प्रकारको हरिबिजोग शासन गर्ने तरिकाले पद्दति असफल भएको सन्देश हो । राजनीतिक झगडा चर्काएर दुई ठूला छिमेकीले नेपालको लिपुलेकबाट व्यापार गर्ने सन्धि गरे, राजमार्ग बनाए र व्यापार सुरु गर्ने अर्को सम्झौता गरिसके । नेपालका नेताहरु नेपाली भूमि गुमिसकेको स्थितिमा लाटाले केरा हेरेजस्तो बसकेका छन् ।

अब भारतले सीतामाताको जन्म भारतमा भएको भनेर मन्दिर बनाइसके । बुद्ध भारतमा जन्मेका हुन् भन्ने भारतीय प्रचार जारी छ । पशुपतिनाको मन्दिर पनि भारतमै बनाइसकिएको छ । भूमि, धर्म, संस्कृति सबैथोकमाथि भारतले कब्जा जमाउँदै गएको छ । चीनले पनि भारतलाई साथ दिएको छ ।

## जग्गा खरिद गर्दा ध्यान दिनुपर्ने कुराहरू

- बिक्रेता वास्तविक हो/होईन, निजको हक भोग छ/छैन प्रष्ट होऔं,
- कित्ताको मोठ स्रेस्ता, फोटो र तीनपुस्ते ठिक भए नभएको एकिन गरौं,
- कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा झगडा भए/नभएको बारेमा प्रष्ट होऔं,
- जग्गा र नक्सामा बाटो छ/छैन एकिन गरौं,
- जग्गाको हकभोग अनुसार आकार प्रकार मिले/नमिलेको एकिन गरौं,
- जग्गा रैकर वा गुठी के हो प्रष्ट होऔं,
- जग्गामा मोही भए/नभएको प्रष्ट होऔं,
- लालपूर्जा, जमिन र नक्साको क्षेत्रफेल मिल्छ मिल्दैन एकिन गरौं,
- सिमानामा विवाद भए/नभएको साँध संधियारबाट बुझौं
- नक्सा बमोजिमको जमिनमा चारैतर्फ सिमाना एकिन गर्न रेखाङ्कन गराएर मात्र खरिद गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# नयाँपुस्ताले राजनीतिक कसरी बदल्न सक्छ ?

*"नेपालको राजनीति युवाको योगदान बिना अधुरो छ। सचेत मतदाता, दलभित्र सुधारकर्ता र वैकल्पिक नेतृत्वकर्ताले भ्रष्टाचार र अस्थिरतालाई चुनौती दिएर साहस, अनुशासन र दीर्घ दृष्टिकोणसहित नयाँ र ाजनीतिक युगको मार्ग प्रशस्त गर्न सक्छन् ।"*

*नयाँ पुस्ताले राजनीति कसरी बदल्न सक्छ ?*

**–क्षितिज बिक्रम खनाल**



नेपालको राजनीतिक यात्रामा हरेक ठूलो परिवर्तनमा युवाको योगदान सधैं अग्रपंक्तिमा रह्यो। राणा शासनविरुद्धको विद्रोह होस् वा २०४६ सालको जनआन्दोलन, २०६२/६३ सालको जनआन्दोलन होस् वा गणतन्त्रको स्थापना, हरेक मोडमा युवाहरूले आफ्ना सपना, ऊर्जा र बलिदान दिएका छन्। तर विडम्बना के छ भने, आन्दोलनको नेतृत्वमा प्राय: पुराना नेताहरू नै कायम रहिरहेका छन। युवाले क्रान्ति जिते, तर निर्णय प्रक्रियामा पुरानै पुस्ता बसिरहे। यसरी नयाँ पुस्ता आन्दोलनमा प्रयोग हुने तर नेतृत्वमा पहुँच नपाउने चक्र निरन्तर दोहोरिँदै आएको छ ।

यो क्रमले युवाको ऊर्जा र योगदानले देशमा परिवर्तन त ल्याउँछ, तर त्यसको लाभ पुरानै पुस्ताले भोग्छ। नेतृत्वमा पुस्तान्तरण हुन नसक्दा नयाँ विचार र दृष्टिकोण संस्थागत हुन पाउँदैनन्, जसले गर्दा राजनीति स्थायित्वभन्दा बढी असन्तुलनतर्फ धकेलिन्छ । यही कारणले आजको पुस्तामा निराशा, असन्तोष र राजनीतिप्रति अविश्वास बढिरहेको छ । यस अवस्थामा राजनीतिक चेतना र युवा सहभागिताको महत्त्व अझ बढेको छ ।

नेपालको राजनीति सधैं एउटा घुम्तीमा अड्किएको जस्तो देखिएको छ, की सधै गाडी चलाउने स्टेयरिङ पुरानाकै हातमा छ। युवाको आवाज नारामा गुञ्जिए पनि निर्णयको टेबलमा मौन भैरहेको छ । प्लेटोले भनेझैं, "राजनीतिमा भाग नलिने बुद्धिजीवीहरूलाई अन्तत: मूर्खहरूले शासन गर्छन्।" युवाको ऊर्जा केवल भीड सजाउने साधनको रूपमा प्रयोग गरेर, उनीहरूको विचार र चाहानालाई उपेक्षा गर्ने प्रवृत्तिले राजनीतिलाई जनताबाट टाढा मात्र बनाउँदै गएको छैन, भविष्यलाई समेत अँध्यारो बनाउँदै छ । जबसम्म यो संस्कृतिमा सुधार हुँदैन, तबसम्म हामिले देखेको नयाँ नेपालको सपना केवल कल्पनामा सीमित रहने छ ।

भ्रष्टाचार र कमिसन संस्कृतिले राजनीतिको स्वरूपलाई सत्ता-केन्द्रित र जनता-विरोधी बनाएको छ। सरकार बनाउने र भत्काउने खेलमा रमाउने नेताहरूलाई अरिस्टोटलले भनेका शब्द सम्झन अनुरोध छ "राजनीति भनेको सत्ता होइन, सार्वजनिक हितको व्यवस्थापन हो ।" तर नेपालमा व्यक्तिगत लाभ र समूहगत स्वार्थ नै केन्द्रमा रह्यो । ठेक्का-कमिसन, सिफारिस र पहुँचको राजनीति, अवसरवाद र अनियमितताले सुशासन र न्याय जस्ता मुल्यहरू किनारा लागेका छन् । यस्तो अवस्थामा युवाहरूमा राजनीतिप्रति निराशा बढ्नु स्वाभाविक हो। यही कारणले देशमा भविष्य छैन भन्ने धारणा बोकेर, ठूलो संख्यामा युवाहरू विदेश पलायन भैरहेका छन् ।

तर दर्शनशास्त्रीहरूले भनेझैं, "मानिस राजनीतिक प्राणी (zoon politikon) हो," त्यसैले युवाले राजनीतिबाट भागेर होइन, सुधारका लागि भित्रैबाट हस्तक्षेप गरेर मात्र यो स्खलनलाई अन्त्य गर्न सक्छन् भन्नेकुरा बुझेर आत्मसात गर्न आवस्यक छ।

तर यतिमात्रै निराशाको कथा होइन। नयाँ पुस्ता नै परिवर्तनको आशा हो भन्ने विश्वासलाई व्यवहारमा उतार्न, युवाले आफ्नै दृष्टिकोण र चाहनाअनुसार सक्रिय हुनुपर्छ । उनीहरू केवल आलोचक वा दर्शक भएर बस्ने होइन, सचेत र सूचित मतदाता भएर चुनावी संस्कृतिलाई बदल्नुपर्ने आवश्यकता छ। अहिले पनि धेरैजसो मत पार्टीको निष्ठा, जातीय भावना वा क्षणिक लोकप्रियतामा आधारित देखिएको छ । तर यदि युवाले उम्मेदवारको कार्यशैली, अघिल्लो कामको परिणाम र भविष्यप्रतिको योजनालाई आधार बनाएर भोट दिन थाले भने राजनीतिक नेतृत्व छनोट गर्ने तरिका नै रूपान्तरण हुनेछ ।

सामाजिक सञ्जाल र डिजिटल प्रविधि आजका युवाका बलिया उपकरण हुन्। सूचना छिटो फैलिन्छ, तर गलत प्रचार र भ्रामक समाचार पनि त्यत्तिकै सजिलै फैलिन्छ। युवाले यसलाई चिर्ने, तथ्यमा आधारित बहस गर्ने र अरूलाई सचेत बनाउने जिम्मेवारी लिनुपर्छ । केवल आलोचना होइन, पारदर्शिता र तथ्यलाई आधार बनाएर युवाहरुले राजनीतिक चेतना फैलाउन सक्छन।

आजको पुस्ता शिक्षित, प्रविधिमा निपुण र विश्वसन्दर्भ बुझ्ने स्तरमा पुगेको छ । उनीहरू केवल भाषण होइन, ठोस कार्यान्वयन देख्न चाहन्छन्; वाचा होइन, परिणाममा विश्वास गर्छन् । सचेत मतदाता बन्ने भनेको केवल चुनावमा भोट हाल्ने क्षणसम्म सीमित हुने भन्ने होईन, यो त सम्पूर्ण राजनीतिक प्रक्रियामा निरन्तर निगरानी र मूल्याङ्कन गर्ने अभ्यासमा परिणत गर्नुपर्ने हुन्छ । त्यसपछी युवाको सहभागिताले राजनीति केवल पुराना नेताको सम्पत्ति नभएर, नयाँ पुस्ताको भविष्य निर्माण गर्ने साधन बन्न सक्छ ।

दोस्रो मार्ग भनेको दलभित्र प्रवेश गरेर सुधार गर्नु हो । धेरै युवाहरू दललाई आलोचना गर्छन् तर प्रवेश गर्न हिचकिचाउँछन्। वास्तविक सुधार भने बाहिरबाट चिच्याएर होइन, भित्रबाट दबाब सिर्जना गरेर मात्र सम्भव हुन्छ । प्लेटोले भनेझैं, "राजनीतिको उद्देश्य न्यायलाई व्यवहारमा उतार्नु हो।" फिनल्याण्डकी प्रधानमन्त्री सना मरिनले ३४ वर्षमै नेतृत्व ग्रहण गरेर आफ्नो दलभित्रै मार्ग प्रशस्त गरे जस्तै युरोप र एसियाका देशहरूले पनि देखाएका छन्, अव नेपालमा पनि युवाहरु पार्टीमा संगठित भै सदस्यता लिएर, स्थानीय तहदेखि सक्रिय भएर नेतृत्वको पुस्तान्तरण गर्न लाग्नु पर्छ ।

युवा केवल उत्साही मात्र भएर पुग्दैन, रणनीति र कार्ययोजनासँगै अघि बढ्नु आवश्यक छ। पार्टीका महाधिवेशनमा खुला प्रतिस्पर्धा, निर्णय प्रक्रियामा पारदर्शिता र उम्मेदवार छनोटमा युवा सहभागिता सुनिश्चित गर्न सकृयता साथ लाग्नु पर्छ । यस सन्दर्भमा महात्मा गान्धि भनेका थिए "संसारमा देख्न चाहेको परिवर्तन आफैं बन्नुपर्छ ।" प्रविधि र पारदर्शिता युवा नेतृत्वका बलिया हतियार हुन। कम्प्युटर, मोबाइल र डिजिटल प्लेटफर्ममार्फत सरकारी खर्च ट्र्याक गर्न, बजेट निगरानी गर्न, नीति कार्यान्वयनमा सरोकारवालाको सहभागिता सुनिश्चित गर्न सकिन्छ । यसले केवल भ्रष्टाचार उजागर गर्ने होइन, पुराना नेताहरूलाई जवाफदेही पनि बनाउँछ ।

युवाले केवल आलोचना मात्र होइन, व्यावहारिक समाधान प्रस्तुत गर्न सक्नुपर्छ । शिक्षा सुधार, रोजगारी सिर्जना, कृषि र पर्यटनमा स्पष्ट योजना र नयाँ दृष्टिकोण आवश्यक छ । फिनल्याण्ड, सिंगापुर र दक्षिण कोरियाका उदाहरणहरूले देखाउँछन् कि प्रविधि र नवाचारमा जोड दिने नीतिले मात्र दीर्घकालीन सुधार ल्याउँछ । नेपालमा पनि युवा नेतृत्वले कृषि उद्योगलाई आधुनिक प्रविधिसँग जोड्ने, स्टार्टअपमार्फत रोजगारी सिर्जना गर्ने र सांस्कृतिक पर्यटनमार्फत स्थानीय विकास सम्भव बनाउँछ ।

युवाको एकता अत्यन्त महत्वपूर्ण छ। जातीय, क्षेत्रीय वा पार्टीगत भेदभावको सट्टा शिक्षा, रोजगारी, सुशासन र वातावरण संरक्षणजस्ता साझा मुद्दामा सबै युवा एकजुट हुनुपर्छ । २०११ को अरब वसन्त आन्दोलनमा मिस्र र टुनिशियामा युवाको साझा एकता र डिजिटल संगठनले पुराना संरचनालाई चुनौती दिएको उदाहरणले पनि यही कुरा प्रमाणित गर्छ ।

तर चुनौती पनि धेरै छन। विदेश पलायन, रोजगारी अभाव, भौगोलिक र वैचारिक विभाजनले युवाको सक्रियतामा बाधा पुर्‍याउँछ । दक्षिण कोरियामा १९८०-९० को दशकमा युवाले सामना गरेका चुनौतीहरू आजको नेपालसँग तुलना गर्न सकिन्छ । तर, नेपालमै सम्भावना रहेको विश्वास र साझा दृष्टिकोणले मात्र मानसिकता परिवर्तन गरेर यी बाधा पार गर्न सकिन्छ ।

नेपालको राजनीति अहिले संकटमा छ। पुरानो पुस्ताले नेतृत्व छाड्न तयार छैन, भ्रष्टाचारले जरा गाडेको छ, र जनताको दलहरु प्रति विश्वास हराउँदैछ । तर पनि परिवर्तन असम्भव छैन । प्रत्येक पुस्ताले आफ्नो समयमा अवसर पाएको जस्तै, आजको अवसर नयाँ पुस्ताको हातमा छ। युवा सचेत मतदाता, आन्तरिक सुधारकर्ता र वैकल्पिक नेतृत्वकर्ता बन्न सके, तिनीहरूले केवल आलोचक मात्र नभै वास्तविक सुधार ल्याउन सक्छन् ।

नेपालमा हरेक आन्दोलनमा युवाहरू अग्रपंक्तिमा थिए, र आज पनि उनीहरू अग्रभागमा छन् । तर प्रश्न यही छ–के उनीहरू केवल सडकमा नाराबाजी गर्ने, वा सत्ताको संरचनाभित्र प्रवेश गरेर वास्तविक परिवर्तन ल्याउने? जर्मनीका उदाहरणमा एन्जेला मर्केलले देखाएझैं, संरचनाभित्र सक्रिय भएर दीर्घकालीन सुधार मात्र सम्भव छ?

यदि नयाँ पुस्ताले साहस, अनुशासन, दीर्घ दृष्टिकोण र साझा जिम्मेवारी देखाउँछन् भने, नेपालको राजनीति निश्चित रूपमा बदल्न सकिन्छ। युवाले देखाएको ऊर्जा, नवीनता र समर्पणले पुरानो संरचनालाई चुनौती दिन सक्छ र नयाँ नेतृत्वलाई जन्म दिन सक्छ। यसरी, नेपाली युवाले राष्ट्रिय नेतृत्वका साथसाथै अन्तर्राष्ट्रिय सन्दर्भमा पनि प्रभावकारी उदाहरण प्रस्तुत गर्न सक्छ ।

पुस्तान्तरण केवल आवश्यकता मात्र होइन, जिम्मेवारी पनि हो । हामी सबै अग्रज नेताहरूको योगदानको सम्मान गर्छौं–राणा शासनविरुद्धको संघर्षदेखि गणतन्त्रको स्थापनासम्म, उहाँहरूको अनुभव र बलिदानले नेपाललाई यहाँसम्म ल्याएको हो । तर अब जिम्मेवारी नयाँ पुस्ताको काँधमा आएको छ। यो युवा पुस्ताले इतिहास र वर्तमानबाट सिकेर, साहस, अनुशासन र दीर्घ दृष्टिकोणसहित अघि बढे, निश्चय नै नेपालको राजनीति नयाँ युगमा प्रवेश गर्नेछ ।

